महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

मेन्छयायेम गाउँपालिका

तेह्रथुम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

मेन्छयायेम गाउँपालिका

तेह्रथुम



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

मेन्छयायेम गाउँपालिका

तेह्रथुम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १४४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मेन्छयायेम गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालय,
तेह्रथुम ।

१. **कैफियत सहितको राय -** हामीले मेन्छयायेम गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ९२ लाख २९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २५ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९८ लाख ६ हजार, नियमित गर्नुपर्ने रु ६८ लाख ६६ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु ६ करोड ३३ लाख ९८ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड २६ लाख २७ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

मेन्छयायेम गाउँपालिका, तेह्रथुम

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४७	१७७	३९२२९	०	०	०	४७	१७७	३९२२९	२५५७	६८६६	२९८०६	०	०	३६६७२	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मेन्छयायेम गाउँपालिका तेह्रथुम	६३३९८.०	०.०	०.०	६३३९८.०	०.०	३९२२९.०	१०२६२७.०

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: मेन्छयायेम गाउँपालिका, तेह्रथुम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Umesh Ghimire	२०७९-१-२०	हाल सम्म कार्यरत
लेखा प्रमुख	Bednath Khanal	२०७९-१-२०	हाल सम्म कार्यरत
		बेरुजु रकम	३९,२२९,७४१.१९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,४२,४४,७९२.४३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२५,४५,२०,२७१	**चालु खर्च**	२१,५५,८५,९८७
प्रदेश सरकारबाट अनुदान	२,२०,८४,०००	**पूँजीगत खर्च**	७,७४,८९,०६६
राजश्व बाँडफाँट	३,७५,३५,३०१	**वित्तीय/अन्य व्यवस्था**	७,११,६२८
आन्तरिक आय	९,३९,१७५		
अन्य आय	१३,०८,२५१.०६		
कुल आय	३१,६३,८६,९९८.०६	**कुल खर्च**	२९,३७,८६,६८१
बाँकी मौज्दात		४,६८,४५,१०९.४९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस मेन्छयायेम गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता,सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउंपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, ७०.०९ वर्ग किलोमिटर क्षेत्रफल तथा ८ हजार ७८ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण सीमा** उल्लेखित आर्थिक कारोबारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार रहेका छन्ः	
४			**लेखापरीक्षणको क्रममा असुली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आ. ब. २०७८/०७९ मा संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान मध्ये आषाढ मसान्त सम्म खर्च नभई बाकी रहेको अनुदान सघीय सरकार तर्फ रु. ३,१३,७०,६८३ र प्रदेश सरकार तर्फ रु ६९,६१,४२० लेखापरीक्षणको क्रममा सम्बन्धित निकायमा फिर्ता भएको प्रमाण प्राप्त भएको छ ।	
४			**आर्थिक विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम मेन्छयायेम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता, अन्तर सरकारी अख्तियारी समेतको स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको एकिकृत आय व्यय विवरण समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	

विवरण	टिप्पणी	यो वर्ष (रु)				गत वर्ष (रु)		
		बजेट	आफैले गरेको प्राप्ती/ भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
१	२	३	४	५	६= ४ +५	७	८	९= ७ +८
प्राप्ती (क+ख)		२९१६७१५१७.५	२८२११३७४७.०६	०	२८३४२१९९८	२४१३६१३८७।९३		२४१३६१३८७।९३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see table below)	

क. प्राप्ति (संचितक ोषमा आम्दानी बाँधिने)		२८७६९००२०.	२८०८०५४९६.०६	०	२८२११३७४७	२३८,०४६,५४५.९३		२३८,०४६,५४५.९३
११०००० कर	११	४२२५९०००.	३७५३५३०१.५६		३७५३५३०१.५६	३२५१३३०३.९२		३२५१३३०३.९२
१३०००० अनुदान		२४५४३१०२०.	२४३२७०१९४.५	०	२४३२७०१९४.५	२२७९०६१७७.६४		२२७९०६१७७.६४
संघीय सरकार	१२	२२२१४७०२०.	२२०२४७०२०.		२२०२४७०२०.	२०८६८०५४०.		२०८६८०५४०
प्रदेश सरकार	१२	२२०८४०००.	२२०८४०००.		२२०८४०००.	१७५८००००.		१७५८००००
१४०००० अन्य राजस्व		१२००००००.	९३९१७४.५		९३९१७४.५	१६४५६३७.६४		१६४५६३८
ख. अन्य प्राप्ति		३९८१४९७.५	१३०८२५१.	०	१३०८२५१	४५५९३५२	०	४५५९३५२
वितरण गर्न		०	०	०	०	०		०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

बाकी राजस्व								
कोषहरु		५४०१०२.५	३८८०००.		३८८०००.	१६२७२०८		१६२७२०८
धरौटी		३४४१३९५.	९२०२५१.		९२०२५१	२९३२१४४		२९३२१४४
भुक्तानी (ग+घ)		३१३१७०८५३.५	२५९५१३४३०.	०	२५९५१३४३०	२६६६५९३००.०१	०	२६६६५९३००.०१
ग. भुक्तानी (सञ्चित कोषबाट)		३०९१८९३५६.	२५८८०१८०२.	0	258801802	264166585	0	264166585
२१००० पारिश्रमिक / सुविधा	१८	##########	९६००१८४७.		९६००१८४७.	73721189		७३७२११८९
२२००० मालसामान तथा सेवाको उपयोग	१८	६९७६५२३८.२४	५८०५४२८१.		५८०५४२८१.	81921644		८१९२१६४४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			२५००० सहायता (Subsidy)	१८	३९८३०००.	३८०५६८९.		३८०५६८९.	0		०	
			२६०० अनुदान	१८	०	०		०	0		०	
			२७००० सामाजिक सुरक्षा	१८	४७०८०००.	३०७४४८३.		३०७४४८३.	2087540		२०८७५४०	
			२८००० अन्य खर्च	१८	२०६६७२३६.	२०३७६४३६.		२०३७६४३६.	20826216.01		२०८२६२१६	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१०४३८७०२०.	७७४८९०६६.		७७४८९०६६.	85609996		८५६०९९९६	
			घ. अन्य भूक्तानी		३९८१४९७.५	७११६२८.		७११६२८.	२४९२७१५.	०	२४९२७१५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

कोषहरु		५४०१०२.५	295930		295930	2360215		२३६०२१५
धरौटी		३४४१३९५.	510000		510000	१३२५००		१३२५००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम								०
			-९४३०२		-94302			
ङ. यो वर्षको बचत (न्युन)		-21499336	22600317.06		२२६००३१७.०६	13175122.09		13175122.09
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२४,२४४,७९२.४३		२४२४४७९२.४३	12749192.96		12749192.96
वर्षान्तको बाकी रकम (ङ + च)		-21499336	46845109.49		४६८४५१०९.४९	25924315.05		25924315.05

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>४६८४५१०९.४९</td><td></td><td>४६८४५१०९.४९</td><td>25925259.38</td><td></td><td>२५९२५२५९.३८</td></tr></table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाहिरको कारोबार -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub-national Treasury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सो अनुसार सबै कारोबार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूचि १ देखी २४ सम्म बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको आदी कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले निम्नानुसारको कारोबार समेटेको देखिएन । तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।

<table><tr><th>बजेट</th><th>यस वर्षको खर्च</th><th>यस वर्षको खर्च</th></tr><tr><td>सामाजिक विकास कार्यक्रम</td><td>3,44,02,741</td><td>३४२७३२५१</td></tr></table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बैङ्क हिसाब मिलान बिवरण

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नु पर्दछ । पालिकाको निम्नानुसार रु १४३३०१ श्रेस्ता भन्दा बैङ्कमा बढी देखिएको सम्बन्धमा हिसब समायोजन बिवरण तयार गरेको छैन ।त्यसैले सममै बैक हिसाब समायोन बिवरण तयार गर्नुपर्दछ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	सञ्चित कोष खाता	१,९८,८९,०६४.९७	२,००,२१,०८५.९७	१,३२,०२१
२	चालू खर्च खाता	५५,८१,५६६.००	५५,९२,८४६.००	११,२८०
३	पुँजीगत खर्च खाता	१,७५,११,७३१.००	१,७५,११,७३१.००	०
४	प्रकोप व्यवस्थापन खाता	९३,५२४.००	९३,५२४.००	०
५	आन्तरिक राजश्व खाता	८२,८८०.५०	८१,८८०.५०	-१,०००
६	बाडफाँड राजश्व खाता	०.०२	०.०२	०
७	विविध खर्च खाता	१,५०,६४८.५०	१,५०,६४८.५०	०
८	धरौटी खाता	३४,४१,३९५.००	३४,४२,३९५.००	१,०००
	जम्मा	४,६७,५०,८०९.९९	४,६८,९४,११०.९९	१,४३,३०१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**बजेट तथा कार्यक्रम**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.१</td><td></td><td></td><td>स्थानीय क्षेत्रगत बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ ब २०७८।७९ चालु शिर्षक अन्तरगत रु. ४०,००,०००।०० अबण्डा बजेट राखेको देखिन्छ । यस्तो बजेट अबण्डा राखि बजेट खर्च गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>चौमासिक पुँजीगत खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ मा बजेट तथा कार्यक्रमको अख्तियारी प्राप्त पश्चात कार्यक्रम सञ्चालन तथा बजेट खर्च गर्ने कार्यतालिका तथा मासिक खर्च अनुमान विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम सञ्चालन तथा बजेट खर्च गर्ने कार्यतालिका तथा मासिक खर्च अनुमान विवरण तयार गरी खर्च गरेको पाइएन । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रू. हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>मेन्छयायेमगाउँपालिका</td><td>३९४५३५८०</td><td>०</td><td>७६३६९६७</td><td>३१८१६६१३</td><td>१७९२२७३३</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२	मेन्छयायेमगाउँपालिका शिक्षा	२५०५७९९	०	१३१९९९	२३७३८००	९८०८००
३	मेन्छयायेमगाउँपालिका स्वास्थ्य	७३४५३८	०	२९९१८९	४३५३४९	४३५३४९
४	मेन्छयायेमगाउँपालिका कृषि	१०००००	०	०	१०००००	१०००००
५	संघीयसरकारबाट हस्तान्तरित कार्यक्रम	२३००२५६९	०	६६७०७७९	१६३३१७९०	१११३२७९०
६	प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम	१६९२५८०	०	०	११६९२५८०	७८८४९५५
	कूल खर्चः	७७४८९०६६	०	१४७३८९३४	६२७५०१३२	३८४५६६२७
	खर्च प्रतिशत	७४.२३		१४.१२	६०.११	३६.८४

पालिकाले प्रथम चौमासिकमा पुँजीगत खर्च शून्य, दोस्रो चौमासिकमा १४.१२ प्रतिशत, तेस्रो चौमासिकमा ६०.११ प्रतिशत र आषाढमा मात्र कूल खर्चको ३६.८४ प्रतिशत खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप मासिक खर्च विवरण तयार गरी समानुपातिक रुपमा खर्च गर्ने तथा तेस्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७.३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** यस पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको छ।

सि.नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	क्षेत्रगत खर्च प्रतिशत

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(inner table below)	

१	आर्थिकविकास	४,१४,७४,०००	२,३१,११,२७५	५५.७२
२	सामाजिकविकास	१३,३७,९७,०००	१२,०४,५५,२८१	९०.०३
३	पूर्वाधारविकास	५,०४,२०,०००	४,२७,९१,३९४	८४.८७
४	सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र	३७,५०,०००	३१,९०,८९२	८५.०९
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	७,९७,४८,३५६	६,९२,५२,९६०	८६.८४
जम्मा		३०,९१,८९,३५६	२५,८८,०१,८०२	८३.७०

आर्थिक विकासतर्फ ५५.७२ प्रतिशत मात्र खर्च भएको देखिन्छ। विनियोजित बजेट बमोजिम खर्च गर्नुपर्दछ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.४			**योजना छनौट र कार्यान्वयनको अवस्थाः** यस पालिकाले यस वर्ष सञ्चालन गरेको योजना संख्या र उक्त योजना सञ्चालनको खर्च देहाय अनुसार छ । पालिकाले योजना छनौट गर्दा कूल योजना २५९ मध्ये ९७ वटा (३७.४५ प्रतिशत) १० लाख मुनिका योजना कार्यान्वयन गरेको देखियो । त्यसैगरी १ लाख देखि ५ लाखसम्मको योजना संख्या १२९ (४९.८० प्रतिशत) देखिन्छ । यसबाट अधिकांश ५ लाख घटिका र टुक्रे योजना कार्यान्वयन गरेको देखिएकोले ठोस् उपलब्धिमूलक पुँजी सृजना हुने र दीर्घकालिन महत्व भएका योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।	

क. सं.	विवरण	योजना संख्या	रकम
१	रू. १ लाख भन्दा कमको योजना	९७	४४,६७,०००
२	रू. एक लाखदेखि पाँच लाख सम्मका योजना	१२९	२,९०,८९,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>रू. ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>९</td><td>६७,०३,०००</td></tr>
<tr><td>४</td><td>दश लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>२१</td><td>५,१८,१०,०२०</td></tr>
<tr><td>५</td><td>५० लाखभन्दा माथिका</td><td>३</td><td>४,९८,३९,०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५९</td><td>१४,१९,०८,०२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.५</td><td></td><td></td><td>स्थानीय सरकार सचालन ऐन २०७४ को दफा ७६ मा चाैमासिक अवधि सम्पन भएको १५ दिन भित्र स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको चौमासिक प्रगति बिवरण अनुसुची २ बमोजिमको ढाँचामा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले नियममा भएको ब्यवस्था अनुसार लक्ष्य प्रगति विवरण तयार नगरेकाले अनुसुची- २ बमोजिमको ढाचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७.६</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष ले मिति २०७८।५।१४ मा नीति तथा कार्यक्रम बजेट रु २९ करोड ५२ लाख ३ हजार ९८१ सभामा पेश गरी मिति २०७८।५।१४ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७८।५।१५मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>जिम्मेवारी — स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । यस पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा</td><td>१,६८०,४६६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			बाँकी रहेको रु. २,५९,२५,२५९।३८ जिम्मेवारी सार्नु पर्नेमा रु. २,४२,४४,७९२।४३ मात्र जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १६,८०,४६६।९५ घटी जिम्मेवारी सरेको सम्बन्धमा आवश्यक कारबाही गरी यकिन गर्नुपर्ने देखिएको देखिन्छ ।	
९			**आन्तरिक नियन्त्रण प्रणाली**	
९.१		२०७९-५-२२	स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । **वजेट व्यवस्थापनतर्फ** • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको • स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार पाईएन । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको । • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको • स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको • स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको, **खरिद व्यवस्थापनतर्फ**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नभएको । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको । • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको **शिक्षातर्फ** • स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । • शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको, **विविध तर्फ** • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको देखिन्छ ।	
९.२		२०७९-५-२२	म. ले. प. फारम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख र नराखेको म. ले. प. फारम ८०१ — बेरुजु लगत म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको नदेखिएकोले उक्त अभिलेख राख्नुपर्दछ ।	
९.३			• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फारम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फारम ९०३ मा नराखेको • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिदैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.४			• भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार देखिएको • म. ले. प. फारम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको • म. ले. प. फारम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको देखिन्छ । उल्लेखित प्रतिवेदनहरु राख्नुपर्दछ ।	
१०			**सम्पत्ति उपयोग र संरक्षण** सम्पत्ति उपयोग तथा संरक्षण सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :	
१०.१			• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको, • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक नभएको • ,म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे नराखेको र अद्यावधिक नभएकोस्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई र मर्मत अभिलेख म.ले.प.फारम नं ४१५ मर्मत गराई खर्च लेखेको देखिएन । नियमको पालना गर्नुपर्दछ ।	
१०.२			-सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गरेको नदेखिएकोमा पाम्स लाइ अनिबार्य लागु गर्नु पर्दछ	
११			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
११.१			**कर्मचारी पदपुर्ती** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । तर पालिकाले हालसम्मम नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृत गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित पालिका र वडाकार्यालय शिक्षा, स्वास्थ्य,कृषी गरी जम्मा ४० जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट समायोजन भई आएका ३ जना, साविक स्थानीय निकायमा कार्यरत १ जना र लोकसेवाबाट सिफारिश १० जना गरी १४ जना पदपूर्ति भएको देखिन्छ हालसम्म बिभिन्न पदमा गरी २६ जना रिक्त देखिन्छ । त्यसैले पालिकाले नयाँ संगठन तथा व्यवस्थापन संरचना स्वीकृतको माध्यम बाट दरबन्दी मिलान गरी समयमै पदपूर्ती गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी वनाउने तर्फ विशेष ध्यानदिनुपर्दछ ।	
११.२			**तलबी प्रतिबेदन** निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती कितावखानावाट पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति२०७६।५।१८ को पत्रवाट स्थानीय तहका कर्मचारी र संघवाट स्थानीय तहमा खटिएका कर्मचारीहरुको जिल्लास्थित कोष तथा लेखानियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन गर्न परिपत्र गरेको भएतापनि यस पालिकामा कार्यरत प्रशासनिक सेवा तर्फका १८ जना स्थाई कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलब र ग्रेड बापत रु ९२५९५४९।- तलव खर्च लेखेको छ। तलवी प्रतिवेदन पारित नभएको हुंदा कर्मचारीहरुलाई के कति दर र सख्यामा ग्रेड बापत खर्च लेखेको हो एकिन गर्न सकिएन । त्यसैले नियमानुसार तलबी प्रतिबेदन पारीत गराएर मात्र तलब र ग्रेड बापत खर्च लेख्नु पर्दछ ।	
११.३			क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरु करारमा राखी रु १,२६,७३,३५३।- खर्च लेखेको छ । ख) त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर,सब इन्जिनियर, सामाजिक परीचालक र आइटी पदमा गरी जम्मा ३६ जना करार नियुक्ति गरी बर्ष भरीमा रु ८०,०२,३२३।- भुक्तानी गरेको छ ।	
१२			**सेवा प्रवाह विवरण** **सेवा प्रवाहः** गाँउपालिकाले आ ब ०७८।७९ मा सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको समग्र विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यलयबाट प्राप्त विवरण अनुसार यस बर्ष पालिकाबाट निम्न अनुसार सेवा प्रवाह भएको देखिन्छ ।	

क्र	विवरण	सेवा प्रासिका लागि निवेदन संख्या	सिफारिस संख्या	कैफियत
1	नागरिकता सिफारिस	५०	५५	
2	घरबाटो सिफारिस	१२४	१२५	
3	नाता प्रमाणित	२००	२०१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			<table><tr><td>4</td><td>जन्म मृत्यु दर्ता</td><td>४००</td><td>४०४</td><td></td></tr><tr><td>5</td><td>अन्य</td><td>१०१०</td><td>१०१३</td><td></td></tr></table>	
१३			**धरौटी र कोष (स्थानीय तह)** धरौटीतर्फ कार्यालयको स्रेस्ता अनुसार आर्थिक वर्षको अन्त्यमा बाँकी धरौटी रू. ३४,४१,३९५।- र बैंक अनुसार बाँकी रू. ३४,४२,३९५।— देखिएकोमा फरक रकम रू. १,०००।— स्रेस्तामा आम्दानी बाध्नुपर्ने रू १,०००।— <table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>१३.१</td><td>मेन्छयायेम गाउँपालिका</td><td>१,०००</td></tr></table>	१,०००
१४			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा निवेदन दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ यो बर्ष दर्ता भएको १ गरी जम्मा २ मध्ये २ वटा फस्यौंट भई बाँकी देखिदैन ।	
१५			**आर्थिक सहायता र अन्य विविध खर्च**	
१५.१			**आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ माा आर्थिक सहायता वितरण सम्बन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्बन्धमा मापदण्ड, सीमा र कार्यविधि कार्यपालिकाले गाँउ परिषदबाट पारित गरी लागू गरेको देखिएन । गाँउपालिकाले आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदन, वडाको सिफारिस र प्रमुुखको तोक आदेश तथा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यपालिकाको निर्णयद्वारा सहायता रकम रु ८,०२,५००।— वितरण गरेको पाईयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड ,सीमा र कार्यविधि तयार गरी नियन्त्रित र ब्यवस्थित तरिकाले आवश्यकताअनुसार मितव्ययी रुपमा तोकिएको सीमाभित्र वितरण गर्ने र सोको विवरण सार्वजनिक गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्छ ।	
१५.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च तर्फ ७,२२,०००।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीतता कायम गर्नुपर्दछ ।	
१६			**आन्तरी आम्दानी**	
१६.१			२०७८।०५।१४ मा गाउँसभाको बैठकबाट आफ्नो भौगोलिक क्षेत्रभित्र सम्पत्ति कर, भूमिकर/मालपोत, व्यवसाय रजिष्ट्रेसन दस्तुर, सिफारिस दस्तुर, बहाल कर, व्यक्तिगत घटना दर्ता दस्तुर लगायतको शिर्षकहरूबाट कूल राजश्व ९,३९,१७४।- आम्दानी गरेको देखिन्छ । नक्सा पास दस्तुर, सरसफाइ दस्तुर, अन्य प्रशासनिक सेवा शुल्कमा जम्मा १००० मात्र आम्दानी गरेको देखिन्छ । यस सम्बन्धमा राजश्व परामर्श समिति, राजश्व परिचालन बढाउनेतर्फ थप प्रयास गर्नुपर्ने देखिन्छ । राजश्व बढी परिचालन भएको क्षेत्र सम्पति करबाट रू. १२३५१५।-, भूमिकर १७५२४६।-, सिफारिस दस्तुरबाट रू. २३५३५४।- आयआर्जन गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्न छन :- (क) निम्न वडा कार्यालयहरूले आर्थिक वर्षको अन्त्य सम्ममा दाखिला नै नगरेको निम्न अनुसारको रू. ५१,००३।- सम्बन्धित वडा सचिवहरूलाई पालिकाले सचेत गराई व्याज सहित दाखिला गर्नुपर्ने रु ५६,१०३।—	११४,२७५

वडा नं.	दाखिला गर्न बाँकी राजश्व	लाग्ने ब्याज रकम	जम्मा असुल गर्नुपर्ने रकम	कैफियत
३	५९८६	५९६	६५८२	
५	४५८१७	४५८१	५०३९८	
जम्मा	५१००३	५१००	५६१०३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(ख)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयले प्राप्त राजश्व ७ दिनभित्र आम्दानी बाँध्नुपर्ने व्यवस्था छ। निम्न वडा कार्यालयहरूले निम्न अनुसार राजश्व ढिला दाखिला गरेकोले नियममा व्यवस्था भए बमोजिम १० प्रतिशतका दरले लाग्ने व्याज सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु ५७२९५।-	

वडा नं.	अवधि देखि	अवधि बाट	असुल गरेको रकम	बुझाएको मिति	नियम अनुसार ब्याज लाग्ने रकम	अग्रिम रूपमा तिरेको रकम	तिर्न बाँकी रकम
१	२०७८।०८।०१	२०७९।१२।३०	५५५६६२	२०७९।०१।१९	५५५६	१५०	५४०६
१	२०७९।०३।०१	२०७९।०३।३१	१६००	२०७८।०३।३१	१६०		१६०
२	२०७८।०४।०१	२०७८।०८।३०	२९२८५	२०७८।०९।१९	२९२८	२३५५	५७६
२	२०७८।०९।०१	२०७८।१२।३०	५९०५०	२०७९।०१।२६	५९०५		५९०५
२	२०७९।०१।०१	२०७९।०२।३०	२६४१०	२०७९।०३।२४	२६४१		२६४१
३	२०७९।०४।०१	२०७९।१२।३०	८६२३२	२०७९।०१।१९	८६२३		८६२३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	२०७९।०१।०१	२०७९।०३।२४	२०३३६	२०७९।०३।२४	२०३३		२०३३
४	२०७८।०४।०१	२०७८।१२।३०	५९२२४	२०७९।०१।१९	५९२२		५९२२
४	२०७९।०१।०१	२०७९।०३।२४	२८५२२	२०७९।०३।२४	२८५२		२८५२
५	२०७९।०१।०१	२०७९।०३।२४	१११७७५	२०७९।०३।२४	१११७७		१११७७
६	२०७८।०४।०१	२०७९।०३।२४	१२००००	२०७९।०३।२४	१२०००		१२०००
जम्मा			**१०९८०९६**		**५९७९७**		**५७२९५**

(ग)पालिकाले घर जग्गा तथा नामासारी सिफारिसमा यस आर्थिक वर्षको लागि प्रति सिफारिस दर ५०० तोकिएकोमा वडा नं. ५ को नेत्रबहादुर लिम्बूले १ सिफारिसमा ३०० मात्र असुल गरेको देखिन्छ । गाउँ सभाले तोकेको दररेट भन्दा न्यून दरमा राजश्व परिचालन गर्नेलाई जिम्मेवार गराइ तोकेको दररेटमा राजश्व परिचालन गर्नुपर्ने देखिन्छ । शिर्षक फरक पारी घटी राजश्व आम्दानी गर्ने कार्यको छानविन तथा अनुगमन हुनुपर्ने देखिन्छ ।

(घ)कार्यालयले यस आर्थिक वर्षमा राजश्व बक्यौता नभएको जानकारी गराएको छ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>धरौटी घटी कट्टीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) मा भुक्तानी गर्दा ५ प्रतिशत रकम कट्टि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसारका फर्महरूबाट डीपीआर निर्माण तथा कम्प्यूटर खरिद गर्दा नियममा भएको व्यवस्था अनुसार रू. ६८,९१६।— धरौटी कट्टि नगरी भुक्तानी गरेकाले धरौटी कट्टि गरेको प्रमाण पेश हुनुपर्दछ।
<table>
<tr><th>भौचर नं/मिति</th><th>ब उ शि नं</th><th>योजना/ कार्यक्रम</th><th>फर्मको नाम</th><th>विजक रकम</th><th>५%धरौटी</th><th>कट्टी</th><th>घटी कट्टी</th></tr>
<tr><td>२३०।२०७९।३।२५</td><td>संघीय</td><td>वडानं ४ कार्यालयको DPR तयार</td><td>रियलान्स स्ट्रक्चरप्रा लि (३०४७४१६५०)</td><td>४९७२००</td><td>२२०००</td><td>००</td><td>२२०००</td></tr>
<tr><td>२२९।२०७९।३।२५</td><td>संघीय</td><td>वडानं १ कार्यालयको DPR तयार</td><td>स्ट्रिङ ईन्जिनियरिङ प्रा लि (६०६७०७९२१)</td><td>४९८३३०</td><td>२२०५०</td><td>००</td><td>२२०५०</td></tr>
<tr><td>१८८।२०७९।३।१६</td><td>संघीय</td><td>कम्प्युटर खरिद</td><td>ट्रेड लिङक कम्प्युटर (३००८२६१६८)</td><td>४९७३२९</td><td>२४८६६</td><td>००</td><td>२४८६६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१४,९२,८५९</td><td>६८,९१६</td><td></td><td>६८,९१६</td></tr>
</table></td><td>६८,९१६</td></tr>
<tr><td>१७</td><td></td><td>२०७९-६-९</td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता

अनुदान फिर्ता
संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सामानिकरण वाहेकका अनुदान बर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा तोकिएको समयमा नै फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७९ असार मसान्तमा देहाय बोमोजिम खर्च नभई बाँकी रहेको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सघिय सरकार तर्फ रु ३१३७०६८३ र प्रदेश सरकार तर्फ रु ६९६१४२० गरी जम्मा रु ३,८३,३२,१०३ अनुदान सम्बन्धित निकायमा फिर्ता गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७९।६।४ मा संघ तर्फको र २०७९।६।५ मा प्रदेश तर्फको रकम फिर्ता दाखिला गरेको छ। तोकिएको समयमा नै यस्तो रकम फिर्ता गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>15,16,47,020</td><td>12,02,76,337</td><td>3,13,70,683</td></tr>
<tr><td></td><td>विषेश</td><td></td><td></td><td>0</td></tr>
<tr><td></td><td>समपुरक</td><td></td><td></td><td>0</td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td>0</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>86,54,000</td><td>17,18,234</td><td>69,35,766</td></tr>
<tr><td></td><td>विषेश</td><td></td><td></td><td>0</td></tr>
<tr><td></td><td>समपुरक</td><td>1,00,00,000</td><td>99,74,346</td><td>25,654</td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>17,03,01,020</td><td>13,19,68,917</td><td>3,83,32,103</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>पेश्की व्यवस्थापन</td><td>४२०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पेश्कीको विवरणः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(५) बमोजिम आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराइ असुल फस्यौंट र नियमित हुनुपर्नेमा सो भएको नदेखिएकोले निम्नानुसारको पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने देखिन्छ।	

पेश्कीको विवरण	गो.भौ.नं./मिति	पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको रकम	म्याद नाघेको रकम
(क) कर्मचारी पेश्की		दिपेश लिम्बू		१०००००
		पुष्पा पन्धाक लिम्बू		६००००
(ख) व्यक्तिगत पेश्की		विद्यालय		२६००००
(ग) निर्माण व्यवसायी पेश्की				
	८-२०७८।०९।०८	कुन्सालिङ्ग कन्ट्रक्सन प्रालि	१५९००००	
	१२-२०७८।०८।१३	सगरमाथा स्काइ जे.भी.	६००००००	
			७५९००००	४२००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**शिक्षा (स्थानीय तह)**	
१९.१			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः** यस पालिकामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण तर्फ रू. ३६,००,००० प्राप्त भएकोमा पालिकाले उक्त रकम विद्यालयलाई अनुदान दिई आर्थिक वर्षको अन्त्यमा निर्माण कार्य सम्पन्न हुन नसकी २ विद्यालयलाई रू. ३६,००,०००।— निकासा दिएको खाता रोक्का राखेको पाईयो । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. २२५ मिति २०७९।३।१७ मा पत्राचार गरी आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नगरी विद्यालयको खातामा ट्रान्सफर गर्न निर्देशन दिएको देखियो । उक्त पत्रमा विद्यालय निर्माणको प्रयोजनको लागि आगामी आर्थिक बर्षमा बजेट व्यवस्था नभएको, लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण लगायतका कार्यहरूको लागि सम्बन्धित विद्यालयहरूलाई नै जिम्मेवार र जवाफदेही बनाउने गरी स्वीकृत कार्यक्रमको लागि विनियोजित भएको बजेट सम्बन्धित विद्यालयलाई यथासिघ्र निकासा दिई निर्माण कार्य सम्पन्न नभई बाँकी रहेको रकम रोक्का राखी कार्य प्रगतिका आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाँकी काम यथाशिघ्र सम्पन्न गर्ने गराउने आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको पाईयो । मन्त्रालयले बजेट निकासा दिन ढिलाई गरेको र २०७९।१।६ मा मात्र निकासा प्राप्त भएको कारण निर्माण ढिलाई भई पालिकाले नापी किताब र मूल्याङकन पेश नभएको अवस्थामा समेत सम्पूर्ण रकम विद्यालयको खातामा निकासा दिई खाता रोक्का राखेको देखियो। यसबाट निर्माण कार्य सम्पन्न नगरी रकम भुक्तानी रहेको देखियो । समयमा नै निर्माण सम्पन्न हुने गरी बजेट निकासा गर्ने र समयमा नै खरिद व्यवस्थापन गरी तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न गरी कार्यक्रमको प्रभावकारिता हासिल गर्नुपर्ने देखिन्छ ।अतः पेश्की समेत नजनाई बिल भरपाई बेगर निकासा दिएको रू .३६,००,०००।— को विद्यालय निर्माणको कार्यसम्पादन प्रतिवेदन तथा विल भरपाई पेश हुनुपर्दछ ।	३,६००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

निर्माण सम्पन्न नभएको पञ्चकन्या आधारभूत विद्यालय मेन्छयायेम गाउँपालिका ६, दिपुङ्ग, तेह्रथुम ।

गो.भौ.नं./मिति	विद्यालयको नाम	वडा नं.	रनिङ बिल पेश भई निकासा भएको रकम	प्राविधिक मूल्याङ्कन वेगर रकम निकासा	कुल निकासा रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४२-२०७९।३।२१</td><td>श्री कालिका आधारभुत विद्यालय, मेन्छयायेम गा.पा. ३, पोरखा, तेह्रथुम</td><td>३</td><td>०</td><td>1800000</td><td>1800000</td></tr>
<tr><td>४२-२०७९।३।२१</td><td>श्री पञ्चकन्या आ.वि., मेन्छयायेम गा.पा. ६, दिपुङ्ग, तेह्रथुम</td><td>६</td><td>०</td><td>1800000</td><td>1800000</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>०</td><td>3600000</td><td>3600000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.२</td><td>४६</td><td>२०७९-३-२४</td><td>जडानको प्रमाणः यस पालिकाले निम्न बजेट उप शीर्षकबाट ICT ल्याबको रकम विद्यार्थीलाई अनुदान दिएकोमा विद्यालयबाट उपकरण खरिदको बिल भरपाई पेश भएको छ । विद्यालयले खरिद गरेका कम्प्यूटर उपकरण तथा सामग्रीहरू तोकिएको स्पेशिफिकेशन बमोजिम प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection -PDI) पेश गरेको देखिएन । यसबाट तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भएको र तोकिएको स्पेशिफिकेशन बमोजिमकै सामग्री खरिद गरेको यकिन हुन नसकेकोले प्राविधिक प्रतिवेदन समेत जडान गरेको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>४६-२०७९।३।२४</td><td>श्री जाँते आ. वि., मेन्छयायेम गा.पा. ५</td><td>६,४०,८७८</td></tr>
<tr><td>४६-२०७९।३।२४</td><td>श्री सिंहदेवी आ.वि., मेन्छयायेम गा.पा. १</td><td>६,४०,८७८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२,८१,७५६</td></tr>
</table>
</td><td>१,२८१,७५६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.३	९६	२०७९-३-२०	**प्रमाण पेश** विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबापत श्री पञ्चकन्या आधारभूत विद्यालयलाई गाउँपालिकाको निर्णयअनुसार विज्ञान प्रयोगशाला निर्माणको लागि मिति २०७९।०१।१४ मा विद्यालयसँग भएको सम्झौता अनुसार श्री राज ट्रेड कर्न्सनको १३ वटा बीलबाट ३१८ आइटमको रू. ६,५०,०००।- खर्च लेखाङ्कन गरेकोमा पालिकाबाट उक्त सामानहरूको भौतिक परीक्षणसहितको अनुगमन प्रतिवेदन पेश गरेको छैन । लेखा परीक्षणको क्रममा उक्त विद्यालयको २०७९।५।२१ मा स्थलगत अवलोकन गर्दा उक्त सामग्री जडान गरेको देखिएन । उक्त ल्याव स्थापना भएको प्रमाण पेश हुनुपर्दछ ।	६५०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			 पञ्चकन्या आधारभूत विद्यालयमा जडान नभएको विज्ञान प्रयोगशालाका सामाग्री	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**कर निर्धारण र असुली (स्थानीय तह)**	
२०.१			**ढुंगा बालुवा गिटीः** तेह्रथुम जिल्लामा विभिन्न स्थानीय तह भएर बग्ने विभिन्न खोला नदीहरूबाट ढुंगा बालुवा गिटी आदि संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७५ ले मेन्छयायेम गाउँपालिकास्थित खोरूङ्गा, इवा, ताङमाया खोलाबाट वार्षिक रूपमा रू. ५,१९,१३०.५।- प्राप्त गर्न सकिने उल्लेख छ । जिल्ला समन्वय समितिले गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले आंकलन गरेको कूल राजश्व स्थानीय तहले ठेक्का लगाउँदा बढ्न वा घट्न सक्ने आ. ई. ई. प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन अनुसार ढुंगा, गिट्टि, ग्राभेल वार्षिक रूपमा जम्मा हुने १३२०० घनमिटरमा दैनिक उत्खनन गर्न सकिने १९ घनमिटर गरी ५२५० घनमिटर उत्खनन् गर्न सक्ने क्षमता रहेको देखिन्छ । यस सम्बन्धमा पालिकाले २०७७।०७८ र २०७६।०७७ मा ठेक्का आव्हान गरेतापनि निवेदन नपरेको र २०७८।०८९ मा ठेक्का आव्हान गरेको देखिँदैन । यसबाट तीन वर्षको न्यूनतम १५,७५० घन मिटरको राजश्व गुमेको अवस्था रहेको छ । पालिकाले ठेक्का मार्फत राजश्व परिचालन गर्न नसक्नु र अमानतबाट आफ्नै कर्मचारी खटाएर समेत राजश्व असुली गरेको देखिएन । उल्लेखित खोलाहरूबाट ढुंगा, गिटी, बालुवालगायतका पदार्थहरूको चोरी निकासी नियन्त्रण हुन सकेको छैन । अर्कोतर्फ सीमानामा पर्ने खोला (खोरूङ्गा) को सम्बन्धमा सम्बन्धित स्थानीय तहसँग राजश्व साझेदारीको वार्ता गरी राजश्व आम्दानी बाधेको समेत देखिँदैन । अतः पालिकाले आफ्नो राजश्व आम्दानी बढाउनका लागि पहल गर्नुपर्ने देखिन्छ ।	
२०.२			**पालिकाको आन्तरिक आम्दानीको अवस्थाः** पालिकाले आ.ब. २०७८।०७९ मा आन्तरिक आयको प्रक्षेपण गरी विभिन्न शिर्षकमा रू. १०,२०,०००।- उठाउने लक्ष्य राखेकोमा वडा र पालिकाबाट गरी जम्मा रू ९,३९,१७४।- प्राप्ति भएको देखिन्छ । वडागत राजश्व प्राप्तिको अवस्था निम्न छ ।	

कार्यालय/वडा नं.	प्राप्ति रकम
१	८६०१२
२	११४७३५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>३</td><td>११२५५४</td></tr><tr><td>४</td><td>८७९४६</td></tr><tr><td>५</td><td>१५७५९२</td></tr><tr><td>६</td><td>१६३६६२</td></tr><tr><td>गाउँपालिका</td><td>२१६६७३.५</td></tr><tr><td>कूल जम्मा</td><td>९३९१७४.५</td></tr></table></td><td></td></tr>
<tr><td>२१</td><td>15</td><td>२०७९-३-२५</td><td>पावरहाउस मोराहाङ मंगलबारे सडक -

पावरहाउस मोराहाङ्ग मंगलबारे सडक निर्माणको लागि उपभोक्ता समितिसँग रू. ३१,६२,२००।२५ लागत अनुमान भएको योजनामा रू.२८,८०,००० उपभोक्ताले ब्यहोर्ने गरी २०७९।३।५ मा सम्झौता गरेको देखियो । सम्झौता बमोजिम रू. १९,४७,६०९।१५ को प्राविधिक मूल्याङ्कन पेश भई रू. १८,५०,२२८ भुक्तानी भएको छ । लागत अनुमानमा तोकिएको कार्य भन्दा ३८.४१ प्रतिशत घटी कार्य हुँदा समेत कार्यालयले भेरिएशन आदेश जारी नगरी प्राविधिक पुट्याई बेगर २०७९।३।२४ मा कार्य सम्पन्न प्रतिवेदन जारी गरेको देखियो । लेखापरीक्षणको क्रममा उक्त योजनाको २०७९।५।२१ मा स्थलगत अवलोकन गर्दा योजनास्थलमा सूचना पाटी नराखेको, १५० मीमी देखि २०० मीमीसम्मको ढुंगा प्रयोग गरी एक ढुंगाले अर्को ढुंगालई च्यापी १३५ डिग्री भर्टिकल ईन्क्लाईन्डमा सोलिङ गर्नुपर्नेमा तोकिएको भन्दा सानो ढुंगा प्रयोग गरेको र उक्त स्पेशिफिकेशन अनुरूप नभएको देखियो। साथै ५३२.५० मिटर लम्बाईको नाली (५३२.५०x०.४५x०.३) निर्माण गरेकोमा नालीको केही भाग ग्रेगेन तथा पहिरोले पुरिएको देखिएको छ । अस्थाई प्रकृतिको नाली निर्माण गर्दा लागत बढेको तर त्यसको उपादेयता नदेखिएको पाईयो । प्राविधिक पुष्ट्याई बेगर रू. १२,१४,५९१।१० घटी कार्य गरेकोमा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको नियमित मान्न सकिदैन ।</td><td>१,२१४,५९१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>
अनुगमन -
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ । यस पालिकाको विभिन्न योजना तथा कार्यक्रमको परीक्षण गर्दा निम्न योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन भएको देखिएन । आंशिक रूपमा अनुगमन हुने गरेको पालिकाले जनाएको छ । उक्त प्रतिवेदन परीक्षण गर्दा समेत अनुगमन गरेको समय र मिति नखुलेको, अनुगमनमा संलग्न पदाधिकारीको विवरण नखुलेको, अनुगमनबाट देखिएका ब्यहोरा र दिएको सुझाव समेत उल्लेख भएको देखिएन । भुक्तानी साथ संलग्न अनुगमन प्रतिवेदनमा प्राविधिक ईस्टिमेट बमोजिम कार्य भएको भनि सम्पूर्ण योजनामा एउटै व्यहोरा उल्लेख गरिएको देखियो । तोकिए बमोजिम योजना तथा कार्यक्रमको ठोस अनुगमन भई प्रतिवेदन पेश नहुँदा योजना संचालनमा मितव्ययीता अपनाएको तथा तोकिएको गुणस्तरको निर्माण सामाग्री तथा वस्तु प्रयोग भएको सुनिश्चित गर्न नसकिने हुन्छ । अतः ऐनमा तोकिए बमोजिम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>गौ भौ नं/ मिति</th><th>ब.उ.शी.नं</th><th>योजना</th><th>लागत अनुमान</th><th>मूल्याङ्कन</th><th>भुक्तानी</th></tr>
<tr><td>५२।२०७९।३।२५</td><td>संघीय सरकार</td><td>खोरूङ्गा ताङमाया दोभान सौन्दर्यकरण उपभोक्ता स.</td><td>१५,७९,४८६।४३</td><td>११,०९,९०१।७६</td><td>१०,५४,४०५</td></tr>
<tr><td>५०।२०७९।३।२५</td><td>आन्तरिक ऋण</td><td>दिपुङ सांस्कृतिक सम्पदा संरक्षण योजना</td><td>२१,११,०३३।३७</td><td>१६,२३,३४०।८७</td><td>१५,४२,१७३</td></tr>
<tr><td>३३।२०७९।३।२०</td><td>संघीय</td><td>सुर्के कुलो सिचाई</td><td>५२,३४,१८०।३२</td><td>३७,७९,४१५।६९</td><td>३२,३६,४१८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७।२०७९।३।२१</td><td>संघीय</td><td>ईवाखोला कुलो नं २ सिँचाई योजना</td><td>१९,१५,७५९।६७</td><td>१७,६५,६३८।६०</td><td>७,९६,३००</td></tr>
<tr><td>३५।२०७९।३।२१</td><td>संघीय</td><td>खाल्डे कुलो सिँचाई योजना</td><td>३४३४२४०।७३</td><td>३२५९४५१।१५</td><td>४,१५,९७०</td></tr>
<tr><td>२११।२०७९।३।२१</td><td>संघीय</td><td>किरात हाङसाम सेवा माङहिम संजम्भो</td><td>१०५३५४२।३५</td><td>१०५४४०।७८</td><td>९,६०,०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>८०,०५,२६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>खर्चको उपादेयताः

अनुत्पादक खर्च पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा गाउँपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पुंजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरूत्साहित गर्न आवश्यक देखिन्छ। ऐनमा संस्था, समूह, भेला, तालिम र कार्यालय सञ्चालन लगायतमा आर्थिक सहायता दिन सक्ने कानुन व्यवस्था समेत देखिदैन । नमुना छनौटको आधारमा परीक्षण गर्दा यस पालिकाले निम्न वितरणमुखी योजना कार्यान्वयन गरी रू. ११,३८,०००।- खर्च गरेको र वितरण गरेका बिभिन्न सामग्रीहरू सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कार्यविधिको परिपालना भएको देखिएन। पुँजीगत बजेटबाट वितरणमुखी कार्यमा खर्च गर्न अविलम्ब बन्द गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>खर्च शिर्षक</td><td>कार्यक्रमको नाम</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>१९१।२०७९।३।२०</td><td>गा.पा. पुँजीगत खर्च शीर्षक</td><td>च्याउ स्तम्भ शालिक निर्माण</td><td>४,८०,०००</td><td></td></tr>
<tr><td>८३-२०७८।१२।०८</td><td rowspan="8">गा.पा. चालू खर्च शीर्षक</td><td>गौखुरी धामसांस्कृतिक कार्यक्रम</td><td>३०,०००</td><td></td></tr>
<tr><td>८९-२०७८।१२।२२</td><td>अजम्बरीयुवा क्लब खेलकूद विकास कार्यक्रम</td><td>५०,०००</td><td></td></tr>
<tr><td>९१-२०७८।१२।२२</td><td>पदम दोर्जेछोखोलिङ्ग बौद्ध गुम्बा</td><td>३०,०००</td><td></td></tr>
<tr><td>१०४-२०७९।०१।०४</td><td>गौखुरीयुवा क्लब खेलकूद विकास कार्यक्रम</td><td>२,००,०००</td><td></td></tr>
<tr><td>१५८-०७९।०२।१३</td><td>गौखुरीयुवा क्लब</td><td>१,००,०००</td><td></td></tr>
<tr><td>१७९-२०७९।०३।८</td><td>आदिवासीजनजाति भाषा संस्कृति संरक्षण सम्बर्द्धन</td><td>१,००,०००</td><td></td></tr>
<tr><td>२१७-०७९।०३।२१</td><td>राधाकृष्णभजन किर्तन मण्डली</td><td>४८,०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४७-२०७९।०३।२४</td><td></td><td>किरात धर्मउत्थान सांस्कृतिक क्लब उपभोक्ता समिति</td><td>१,००,०००</td><td></td></tr>
<tr><td colspan="2"></td><td>जम्मा</td><td>११,३८,०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
व्यक्तिको नाममा भुक्तानी -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । खाता सञ्चालन गर्दा बैंकिङ्ग प्रणालीबाट भुक्तानी दिने व्यवस्था तोकेको छ । यस पालिकाले योजना कार्यान्वयन गर्दा उपभोक्ता समितिको बैक खाता खोली सो खाता मार्फत भुक्तानी गर्नुपर्नेमा व्यक्तिको नाममा चेक काटी भुक्तानी गरेको देखियो । पचास हजार भन्दा माथिको योजनाको मात्र खाता खोली बैंकिङ्ग कारोबार गरेको कार्यालयले जनाएको छ । पालिकाले अधिकांश साना टुक्रे योजनाको बैक खाता बेगर नै भुक्तानी गरेको छ । यसका केही उदाहरणहरू निम्नानुसार छन् । त्यसैगरी कार्यालय सम्बन्धि खर्च गर्दा सम्बन्धित पार्टी/फर्मलाई भुक्तानी गर्नुपर्नेमा कर्मचारीको नाममा चेक काटी सोधभर्ना भुक्तानी गरेको पाईयो । कार्यालयले यस्तो कार्य गरी आन्तरिक नियन्त्रण प्रणाली माथि गम्भीर लापरबाही गरेको देखिन्छ । यसबाट रकम हिनामिना हुन सक्ने खर्च माथि नियन्त्रण नहुने र सार्वजानिक परीक्षण लगायतका योजना फरफारकको प्रक्रिया समेत पुरा नभएको देखिएको छ । कार्यालयले अविलम्ब यस्तो कार्य बन्द गरी उपभोक्ता समितिको बैक खाता खोली सो मार्फत कारोबार गर्नुपर्ने र कर्मचारीको नाममा सोधभर्ना भुक्तानी दिने कार्यलाई निरूत्साहित गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><td>गो.भौ.नं/ मिति</td><td>योजना/ विवरण</td><td>व्यक्तिको नाम</td><td>रकम</td></tr>
<tr><td>२१६-२०७९।३।२२</td><td>लम्बोले कुलो मर्मत</td><td>राजकुमार लिम्बू</td><td>४८०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१७-२०७९।३।२२</td><td>कामी खायल खानेपानी मर्मत</td><td>महेन्द्रकुमार लामिछाने</td><td>२८४८९</td></tr>
<tr><td>२१७-२०७९।३।२२</td><td>ढकाल मूल खानेपानी</td><td>चिरञ्जिवि दाहाल</td><td>२९५४२</td></tr>
<tr><td>२१५-२०७९।३।२२</td><td>पधेरी हिटी छाना व्यवस्थापन</td><td>रामचन्द्र दाहाल</td><td>४८०००</td></tr>
<tr><td>२०९-२०७९।३।२१</td><td>गस्पेल चर्च खानेपानी</td><td>तारा सुब्बा लिम्बू</td><td>४८०००</td></tr>
<tr><td>२१८-२०७९।३।२१</td><td>नवप्रतिभा क्लब व्यवस्थापन</td><td>राजु पंगेहाङ (लिम्बू)</td><td>४९२१७</td></tr>
<tr><td>२१७-२०७९।३।२१</td><td>राधाकृष्ण भजन भजली</td><td>सुनिता शर्मा गौतम</td><td>४७७१५</td></tr>
<tr><td>१९५-२०७९।३।१६</td><td>श्री हिमालयन कृषक शिशु केन्द्र</td><td>अम्बिका ईङनाम</td><td>४९९६३</td></tr>
<tr><td>१९१-२०७९।३।१६</td><td>सिरिङबारी युवा फुटबल खेल कार्यक्रम</td><td>सुखदेव लिम्बू</td><td>१९५०३</td></tr>
<tr><td>२१०-२०७९।३।२०</td><td>जाँते स्पोटिङ युवा क्लब</td><td>भिमप्रसाद भट्टराई</td><td>१९५७२</td></tr>
<tr><td>२०९-२०७९।३।२०</td><td>अल्लारे युवा क्लब व्यवस्थापन</td><td>राजिव खापुङ्ग</td><td>४९१६५</td></tr>
<tr><td>१५५-२०७९।३।०२</td><td>खोला मुहान गुरूङ्ग डाँडा खानेपानी विस्तार योजना</td><td>ताराकुमार तामाङ्ग</td><td>५०,०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४,८७,१६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td></td><td>२,९०१,८६२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
कार्यसम्पादन जमानत — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । यस कार्यालयले ठेक्का बन्दोबस्त गरेका निम्नानुसारका निर्माण सम्झौताहरूको कार्यसम्पदान जमानत तोकिएको भन्दा घटी अवधीको रहेको देखियो। कार्य सम्पादन जमानतको तोकिए बमोजिमको म्याद नहुँदा सम्झौता बमोजिमको कार्य सम्पादन नगरेमा निर्माण व्यावसायीबाट गरिने क्षतिपूर्ति असुल उपर, त्रुटी सच्याउने कार्य गर्न गराउन नसकिने हुन्छ । अतः तोकिए बमोजिम त्रुटी सच्याउने अवधी भन्दा कम्तिमा एक महिना बढी म्याद हुनुपर्नेमा सो म्याद अपुग रहेका २ ठेक्काको रू. 29,01,862 रकमको कार्यसम्पादन जमानत पेश हुनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>बजेट उप शीर्षक</th><th>योजना को नाम</th><th>फर्मको नाम</th><th>सम्झौता मिति</th><th>सम्झौता रकम</th><th>सम्झौता भएको अवधी (मिति)</th><th>प्राविधिक मुल्याङ्कन तथा भुक्तानी रकम</th><th>PBG जारी गरेको बैंक</th><th>PBG को म्याद</th><th>घटी म्याद</th><th>PBG को रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>प्रदेश समपुरक अनुदान</td><td>Upgrade of power house morahang manglabare sadak</td><td>Himalaya sherpa construction pvt. ltd</td><td>9/6/2078</td><td>3,124,950.35</td><td>1/15/2079</td><td>३१२४६२५.८७</td><td>नेपाल बैङ्क, ताप्लेजुङ्ग (GPE062840039)</td><td>11/30/2079</td><td>3 months</td><td>1,516,727.00</td></tr>
<tr><td>२</td><td>प्रदेश समपुरक अनुदान</td><td>Upgrade of Kirateshwor to Kholakharka road</td><td>Himalaya sherpa construction pvt. ltd</td><td>9/6/2078</td><td>3,417,670.70</td><td>3/20/2079</td><td>2,896,811.14</td><td>नेपाल बैङ्क, ताप्लेजुङ्ग (GPE062840038)</td><td>11/30/2079</td><td>5 months</td><td>1,385,135.00</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>2,901,862</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अनुपातिक कट्टीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिबाट कुनै निर्माण कार्य गराउँदा जनसहभागिताको अंश भुक्तानीमा कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण कार्यमा कार्यालयले व्यहोर्नुपर्ने रकममा काम भएको रकमको अनुपातिक हिसावमा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्नेमा रू. ३,००,३११.३ बढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रू. ३,००,३११.३</td><td>३००,३१२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(तलको तालिका)	
२७				

गौ भौ नं / मिति	ब उ शी नं	योजना	लागत अनुमान	कार्यालय ले ब्यहोर्ने	का.स. खर्च	भुक्तानी रकम	गर्नुपर्ने रकम	बढी भुक्तानी
२३०।२०७९।३।२५	आ पू	ताक्मारे मोराहाङ श्रीजुङ सडक	३१६८८८७.४१	२८८००००	२८०९१०६.९७	२६६८६५०	२५५३०१८.४६	११५६३१.५४
१५।२०७९।३।२५	आ पू	पावर हाउस मोराहाङ मंगलबारे सडक उ स	३१६२२००.२५	२८८००००	१९४७६०९.१५	१८५०२२८	१७७३८०१.१२	७६४२६.८८
५०।२०७९।३।२५	संघीय	दिपुङ/पन्चकन्या साँस्कृतिक सम्पदा संरक्षण	२१११०३३.३७	१९२००००	१६२३३४०.८७	१५४२१७३	१४७६४४०.१७	६५७३२.८३
५२।२०७९।३।२५	संघीय	खोरुङा ताङमा दोभान सौन्दर्यकरण	१५७९४८६.४३	१४४००००	११०९९०१.७६	१०५४४०५	१०११८८४.९४	४२५२०.०५
		जम्मा				७११५४५६	६८१५१४४.६९	३००३११.३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			एज विल्ड नक्सा :- - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०५(१) खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यावसायीले निर्माण भए बमोजिमको (एज विल्ड) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निर्माण सम्पन्न गरेका योजनाको तोकिए बमोजिमको एज विल्ड नक्सा पेश गर्ने गरेको देखिएन। नियमको पालना नगर्नु यसको कारण हो। एज विल्डको नक्साको अभावमा भविष्यमा उक्त निर्मित संरचनाको मर्मत संभार लगायतका क्रियाकलाप गर्न असहज हुने हुन्छ। अतः सम्झौता बमोजिम निर्माण गरिएको संरचनाको कार्य सम्पन्न भएको तीस दिन भित्र एज विल्ड नक्सा लिनुपर्ने देखिन्छ ।	

सि. नं.	बजेट उप शीर्षक	योजनाको नाम	कुल ल.ई.	फर्मको नाम	सम्झौता मिति	सम्झौता रकम	सम्पन्न भएको अवधि (मिति)	प्राविधिक मुल्याङ्कन तथा भुक्तानी रकम
१	प्रदेश समपुरक अनुदान	Upgrade of power house morahang manglabare sadak	६८७७५३९.१३	Himalaya sherpa construction pvt. ltd	०९/०६/२०७८	3124950.35	०१/१५/२०७९	3124625.87
२	प्रदेश समपुरक अनुदान	Upgrade of Kirateshwor to Khola kharka road	६८७७८५१.१४	Himalaya sherpa construction pvt. ltd	०९/०६/२०७८	3417670.7	०३/२०/२०७९	2896811
		जम्मा				6542621.05		6021436.87

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**मेसिनबाट काम गरी म्यानुअल दरमा भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (७) मा उपभोक्ताबाट हुने निर्माण कार्यमा हेभी मेसिन प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था छ । निम्नानुसारको योजनामा हेभि मेसिनद्धारा समेत माटो कटिङ गरेको, देखिएकोमा म्यानुअल दरमा मूल्याङ्कन गरी भुक्तानी गरेको देखियो । उपभोक्ताले पेश गरेको सार्वजानिक परीक्षण प्रतिवेदनमा समेत मेसिन प्रयोग गरी कार्य गरेको उल्लेख गरेकोमा पालिकाले मूल्याङ्कन गर्दा सोही आधारमा मेसिनको दररेटको आधारमा मूल्याङ्कन गर्नुपर्नेमा हेभी मेसिन प्रयोग गरिएको योजनाको नाली म्यानुअल दरमा मूल्याङ्कन गर्दा निम्नानुसार बढी भुक्तानी हुन गएकोले उक्त रकम असुल गर्नुपर्दछ ।	३३९,९०१

गो भौ./मिति	विवरण	काम	म्यानुअल दर	मेसिनको दर	बढी दर	परिमाण	बढी भुक्तानी रकम	कैफियत
१९८- २०७९।३।२०	भित्ताघर बढेले सडक निर्माण	नाली खन्ने	३६०।-	५५।-	३०५।-	१२०	३६६००	
१९४- २०७९।३।२०	सुमलुङ्ग खोला हाङखाङवा गल्फे सडक स्तरोन्नती	नाली खन्ने	३६०।-	५५।-	३०५।-	१८०	५४९००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१८६-२०७९।३।१६	हाङखाङला मुढे सडक	नाली खन्ने	३६०।-	५५।-	३०५।-	७५	२२८७५	
१८१-२०७९।३।१५	काभ्रे भरना खुब्बा टोल सडक	नाली खन्ने	३६०।-	५५।-	३०५।-	४८	१४६४०	
१७१-२०७९।३।१३	बुमाउने डाँडा खेलमैदान निर्माण	Back filling & leveling of grand surface	३६०।-	५५।-	३०५।-	४२३	५०७६०	
१७०-२०७९।३।१३	गौरी गाउँ सिमसिमे सडक	नाली खन्ने	३६०।-	५५।-	३०५।-	१७०	५१८५०	
१३७।२०७९।२।१७	संसारी सुपर स्टार खेल मैदान	नाली खन्ने	३६०।-	५५।-	३०५।-	७०	२१३५०	
१६४-२०७९।३।७	हात्तिसार बलगाउँ सडक	नाली खन्ने	३६०।-	५५।-	३०५।-	१७२.५०	५२६१२.५०	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६२-२०७९।३।७</td><td>सिमसिमे थोक्चुङ देउराली</td><td>नाली खन्ने</td><td>३६०।-</td><td>५५।-</td><td>३०५।-</td><td>११२.५०</td><td>३४३१२.५०</td><td></td></tr>
<tr><td colspan="7">जम्मा</td><td>३,३९,९०१</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
राधाकृष्ण मन्दिर निर्माणः राधाकृष्ण मन्दिर निर्माणका लागि उपभोक्ता समितिसंग रू. १२,६४,५६३.३२।- लागत अनुमान भएको निर्माण योजनामा यस पालिकाले रू. ११,५२,०००।- व्यहोर्ने गरी २०७८।११।१० सम्झौता भएकोमा उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरी रू. १२,६४,७५७।७२ को प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पादन प्रतिवेदन पेश भएको छ । लेखापरीक्षणको क्रममा २०७९।५।२१ मा उक्त योजनाको स्थलगत अवलोकन गर्दा निम्नानुसारको निर्माण कार्यको मूल्याङकन भएकोमा भौतिक रुपमा उक्त निर्माण गरेको देखिएन । मन्दिरसम्म पुग्ने एप्रोच रोड १३ मिटर नापी गरेकोमा १०.४० मिटर मात्र निर्माण गरेकोले निर्माण नगरी भुक्तानी दिएको उक्त २.६ मिटरको रोडको स्टोन सोलिङ तथा ढलान कार्यको रू. २३,६४५।७० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ।
<table>
<tr><th>S.N.</th><th>Description</th><th>Unit</th><th>Quantity</th><th>Rate</th><th>Amount</th><th>Total(NRs.)</th></tr>
<tr><td>1</td><td>Soling work (2.6x3x.15)</td><td>m3</td><td>१.१७</td><td>३९७३।००</td><td>४६४८।४१</td><td>४६४८।४१</td></tr>
<tr><td>2</td><td>Pcc work1:2:4 (2.6x3x.15)</td><td>m3</td><td>१.१७</td><td>१६२३७।००</td><td>१८९९७।२९</td><td>१८९९७।२९</td></tr>
<tr><td></td><td colspan="5">Grand Total(NRs.)</td><td>२३६४५।७०</td></tr>
</table>
</td><td>२३,६४६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०	150	२०७९-२-३०	**सी.सी.टि.भि. जडानः** गृह मन्त्रालयको च.नं. २२१८ मिति २०७९।१।६ को पत्रानुसार २०७९ बैशाख ३० गते भएको स्थानीय तह निर्वाचनको मतदानस्थल दृश्य अवलोकन प्रणाली (Vote counting video Management system-VCMS) जडान गरी निर्वाचन आयोगसंग connectivity कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहमा पत्राचार भएको र सो बमोजिम उक्त VCVMS प्रणाली जडान गर्न निर्वाचन आयोगले अनुरोध गरी च.नं. ६२९, २०७८।७९ मिति २०७९।१।६ बाट अनुरोध भई आएको जनाई VCMS प्रणालीको connectivity निर्वाचन आयोगसंग गराउन तोकिएको स्पेशिफिकेशन बमोजिमको सिस्टम खरिद गर्न पत्राचार गरेको पाईयो । पालिकामा पहिल नै जडान गरिएको सिस्टमले उक्त स्पेशिफिकेशन बमोजिमको कार्य गर्न सक्ने वा नसक्ने विषयमा कुनै विश्लेषण नगरी यस पालिकाले सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च भोट काउन्टिङ भिडियो म्यानेजमेन्ट सिस्टम (भिसिभिएमसी) सोझै खरिद गरी रू. ४,९२,६८०।— मोबाईल हव (६००१५५३००) लाई भुक्तानी गरेको छ । चुनावको मत गणना गर्ने प्रयोजन पश्चात हाल उक्त सिसिटिभी गौखुरी मा.वि. मा प्रयोग बिहिन भई थन्किएको अवस्थामा रहेको छ । यस पालिकाको कार्यालयमा समेत सीसीटिभी जडान गरिएकोमा आवधिक मतगणनामा उक्त सिस्टमलाई नै उपयोग गर्न सकिने वा नसकिने अवस्थाको विश्लेषण नगरी चुनाव प्रयोजनका लागि मात्र यस पालिकाबाट यस्तो सिष्टम खरिद गरी जडान गर्नाले मितव्ययीता कायम भएको देखिएन। साथै उक्त खर्चमा VMS सफ्टवेयर १ थानको मू.अ.कर बाहेक रू. २,००,०००।— भुक्तानी गरेको छ । देशभर ७५३ स्थानीय तहमा यस्तो सफ्टवेयरको कूल खर्च रू. १५,०६,००,०००।— हुने देखिन्छ । यस्ता सफ्टवयेर केन्द्रीय निकायले एकमुष्ट रूपमा प्रतिस्पर्धाबाट खरिद गर्दा कम लागतमा खरिद हुन सक्नेमा छुट्टाछुट्टै पालिकामा सफ्टवेयर खरिद गर्न निर्देशन दिई खरिद गर्दा बढी व्ययभार परेको देखियो । चुनाव प्रणालीलाई थप मितव्ययी बनाउन भएका संरचना तथा उपकरणको प्रयोगलाई समेत सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । यसरी प्रयोग बिहिन अवस्थामा रहेकोले थप व्ययभार परेको मनासिब देखिदैन ।	
३१			**फेब्रिकेशन खरिदः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			यस पालिकाले बोक्सीमारा झो.पु, र गुराँसे ट्रसपुलको स्टील पार्टस खरिदका लागि रू. २३,२७,५५०।७६ लागत अनुमान तयार गरी कानुनी रूपमा पूर्ण सारभुत रूपमा प्रभावग्राही लुम्बिनी ईन्जिनियर वर्कस प्रा.लि. (३०५६६२९६१) सँग २०७९।३।२२ मा रू. २२६५६११।९१ (२.६६ प्रतिशत) मा आपूर्ति सम्झौता भएको देखियो । उक्त सम्झौता बमोजिम २०७९।६।१६ सम्म उक्त सामग्री आपूर्ति गरिसक्नुपर्नेमा लेखापरीक्षण अवधि २०७९।५।२२ सम्म सामान आपूर्ति गरेको देखिएन । सम्झौताको बिल अफ क्वान्टिटिजमा बिमा र मेटेरियल टेष्टको प्रावधान राखेको देखिएन । गुणस्तर परीक्षण गर्ने र पुल निर्माण गरिने निर्माण सामग्रीको बिमा गर्ने व्यवस्था गर्नुपर्दछ ।	
३२			**पूर्व निर्धारित क्षतिपूर्तिः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा बोलपत्र दाताको ढिलाईको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यबस्था छ ।गाउँपालिकाले देहायको निर्माण व्यवसायीसंग निर्माण कामको सम्झौता गरेकोमा लेखापरीक्षण अवधि (२०७९।५।२२) सम्म पनि कार्य सम्पन्न नगरेको र मनासिव कारण देखाई म्याद थपको निवेदन समेत पेश भएको देखिएन । यसरी सम्झौतामा तोकिएको मिति भित्र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सम्झौता अङ्कको दैनिक ०.०५ प्रतिशतका दरले म्याद समाप्त भएको मितिबाट लेखापरीक्षण अवधी (२०७९।५।२२) सम्मको देहाय अनुसार हुन आउने पूर्वनिर्धारित क्षतिपूर्ति बापतको रकम सम्बन्धित निर्माण व्यवसायीवाट असुल हुनुपर्दछ ।	२९२,६८१

कामको विरण	निर्माण व्यवसायी	कवोल अंक मू.अ.कर बाहेक	सम्झौता मिति	सम्पन्न गर्नु पर्ने मिति	ढिला दिन	क्षतिपूर्ति रकम

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>किराँतेश्वर देखि खोला खर्क सडक</td><td>हिमालयन शेर्पा कन्स्ट्रक्शन एण्ड सप्लायर्स</td><td>२९७१३९०</td><td>२०७८।९।६</td><td>२०७८।११।१०</td><td>१९७</td><td>२९२६८११९२</td></tr></table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>गैर सरकारी संस्था परिचालन :- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा गैर सरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था अन्तर्गत जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने सक्ने व्यवस्था छ। त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने र ९९ (२) मा सार्वजनिक निकायले उपनियम (१) बमोजिमको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले झोलुङ्गेपुल सम्बन्धी कार्यका लागि दलित सचेतना समाज, नेपालसँग मिति २०७६/४/२१ मा कार्य प्रत्यायोजन सम्झौता भएको देखियो। कार्यालयबाट पेश भएको अभिलेखमा उक्त संस्था कुन आधारमा छनौट गरिएको भन्ने खुल्दैन । जिल्ला समन्वय समितिबाट नै उक्त संस्था छनौट भए आएकोमा उक्त कागजात यस पालिकामा उपलब्ध नभएको कार्यालयले जनाएको छ । उक्त सम्झौता बमोजिम उक्त संस्थाले निर्माणस्थलको विस्तृत सर्वेक्षण गर्ने, झोलुङ्गेपुल निर्माण मर्मत कार्यको डिजाइन नक्सा तथा लागत अनुमान (DPR) तयार गर्ने झो.पु. निर्माण/मर्मत कार्यको आवश्यक प्रवन्ध गर्ने, प्राविधिक सहयोग तथा सुपरिवेक्षण गरी डिजाइन नक्सा तथा स्पेशिफिकेशन मुताविक गुणस्तर निश्चित गर्ने, भार परीक्षण गर्ने, अन्तिम जाँच पास (Final Assessment) गराउन सहयोग गर्ने लगायतका कार्य गर्ने उल्लेख छ । उक्त प्राविधिक प्रकृतिका काम गरे बापत झोलुङ्गे पुल रणनीतिमा उल्लेख भए अनुसारको ३ चरणमा (३०%, ३५%, ३५%) सेवा शुल्क भुक्तानी गर्ने व्यवस्था छ । साथै, बुँदा ५ मा यो सम्झौता अवधि ३ वर्षको हुनेछ र वार्षिक कार्यसम्पादनको</td><td>१८१,०७९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा म्याद थप गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयलले निम्नानुसारको पुलको सेवा शुल्क बापत रु. १,८१,०७९।०० भुक्तानी गरेको छ। <table><tr><td>क्र.सं.</td><td>पुलको नाम</td><td>लागत अनुमान</td><td>कुल पारिश्रमिक</td><td>यस वर्ष भुक्तानी रकम</td><td>कैफियत</td></tr><tr><td>१</td><td>मिचिरे झोलुङ्गे पुल</td><td>४४५२४५५.१५</td><td>२५८६८५।१२</td><td>१८१०७९।-</td><td></td></tr></table>सार्वजनिक खरिद ऐनको दफा ४६ बमोजिम जनचेतना सम्बन्धी तालिम, आभिमुखिकरण, सवलीकरण मूल प्रवाहीकरण जस्ता कार्य मात्र गैर सरकारी संस्थाबाट गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा त्यस्तो कार्य गराउन सक्नेमा पूर्वाधार निर्माण कार्यको DPR लगायतका जटिल प्राविधिक पक्ष समेटिएका कार्यहरु र निर्माण कार्यको सुपरभिजन लगायतका कार्य गैर सरकारी संस्थाबाट गराएको र वार्षिक रुपमा प्रतिष्पर्धा समेत नगराई नविकरण गरेर सोही संस्थालाई भुक्तानी गरेको देखिएकोले उक्त कार्य यस ऐनको मनसाय बमोजिम भएको देखिदैन। कार्यालयले TBSU लगायतका संस्थाको समन्वय र झोलुङ्गे पुलको निर्माण कार्य प्रणालीका आधारमा उक्त संस्थालाई भुक्तानी दिएको जनाएको छ। सालबसाली प्रतिष्पर्धा नगराई नविकरण गर्ने परिपाटी नियमावली बमोजिम मनासिव नदेखिएको र गैर सरकारी संस्थाबाट जटिल भौतिक निर्माण कार्यको ड्रइङ डिजाइन गराई गै.स.स.ले व्यावसायिक क्रियाकलाप गरी सो वापत सेवा शुल्क भुक्तानी गरेको नियमित देखिदैन।	
३४			**कर बिजकको ढाँचा** कर बिजकको ढाँचा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । निम्न भौचर र मितिबाट निम्न फर्मले जारी गरेको बिजक रितपुर्वक नरहेको देखियो । मूल्य अभिवृद्धि कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु -तथा कार्यालयले विल विजकको चेक जाँच गरी नियमावलीको पालना गर्ने तर्फ उचित ध्यान नदिनु नै यसको मुख्य कारण रहेको पाइन्छ । यसबाट भुक्तानी गरिएको कर रकम सरकारको राजस्वमा जम्मा नभई सरकारी आम्दानी घट्न जाने देखिन्छ । तसर्थः मूल्य अभिवृद्धि करमा	६६,०९४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दर्ता भएको फर्मले रितपूर्वकको कर बीजक जारी गर्ने र कार्यालयले भुक्तानी दिँदा सोको चेकजाँच गरी भुक्तानी दिनुपर्ने देखिन्छ । कार्यालयबाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर रू. ६६,०९३.६२।- सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।
<table>
<tr><th>गो.भौ. नं/ मिति</th><th>ब.उ. शी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>फर्मको नाम</th><th>बिजक रकम</th><th>मू.अ. कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>५२।२०७९।३।२५</td><td>संघीय</td><td>खोरुङ्गा ताङमाया दोभान सौन्दर्यकरण उ. स.</td><td>सरोज निर्माण सेवा (६१३१११६६५)</td><td>१४२५०२</td><td>१८,५२५.२६</td><td>बिजकमा मिति नलेखेको</td></tr>
<tr><td>३३।२०७९।३।२०</td><td>संघीय</td><td>सुर्के कुलो सिँचाई जल उपभोक्ता सं</td><td>पाथिभरा हार्डवेयर (३०३३९४४५३)</td><td>१९७७८४</td><td>२५,७११.९२</td><td>बिजकमा मिति केरमेट</td></tr>
<tr><td>३३।२०७९।३।२०</td><td>संघीय</td><td>सुर्के कुलो सिँचाई जल उपभोक्ता सं</td><td>पाथिभरा हार्डवेयर (३०३३९४४५३)</td><td>३५३८२।५०</td><td>४,५९९.७२</td><td>बिजकमा मिति केरमेट</td></tr>
<tr><td>३३।२०७९।३।२०</td><td>संघीय</td><td>सुर्के कुलो सिँचाई जल उपभोक्ता सं</td><td>पाथिभरा हार्डवेयर (३०३३९४४५३)</td><td>१३२७४४</td><td>१७,२५६.७२</td><td>बिजकमा मिति केरमेट</td></tr>
<tr><td colspan="5">कूल जम्मा</td><td>६६,०९३.६२</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>दाखिला प्रमाण पेश</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दाखिला प्रमाण पेश नभएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सोको सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम कार्यालयले तोकिएको म.ले.प. फारामको ढाँचामा खर्च भएर जाने र नजाने जिन्सी खाताको अभिलेख राख्नुपर्दछ। कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदन, जिन्सी किताब तथा जिन्सी सामानको भौतिक परीक्षण गर्दा कार्यालयले निम्नानुसारको सामान खरिद गरेकोमा सोको दाखिला गरेको देखिएन । उक्त जिन्सी सामग्रीहरूको जिन्सी दाखिला प्रमाण तथा सोको भरपाई समेत पेश हुनुपर्दछ ।
<table>
<tr><th>गो.भौ. नं/ मिति</th><th>ब.उ.श ी.नं.</th><th>योजना/ कार्यक्रम</th><th>नाम</th><th>संख्या</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१७६।२०७९।३।१५</td><td>संघीय</td><td>प्लास्टिकका कुर्सी लगायतका विद्यालयको सामग्री खरिद</td><td>शारदा आ वि</td><td>कुर्सी २४ थान
प्लास्टिक टेबल थान ४
स्टिल दराज ४ थान</td><td>१,००,०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>मूल्यअभिवृद्धि करमा दर्ता नभएकासँग कारोबार

मूल्यअभिवृद्धि करमा दर्ता नभएकासँग कारोबार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बिस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा कार्यालयले २० हजार भन्दा माथिको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएकोसंग खरिद गरेको नदेखिएकोले ऐनको पालना गरेको देखिएन । कार्यालयले कानुनको पालना गरी तोकिएको सीमा भन्दा बढीको खरिद गर्दा मु.अ. करमा दर्ता भएकासंग मात्र खरिद गर्नुपर्ने देखिन्छ ।	

गो.भौ. नं/ मिति	ब.उ.शी.नं.	फर्मको नाम	विवरण	भुक्तानी
२५।२०७९।३।१६	संघीय	कार्की आईरन स्टोर (३०१९९००९३)	प्राईमर मेटल खरिद	39,646
२०६।२०७९।३।२१	संघीय	एस ए ट्रेड सेन्टर (१०६३०५२३०)	सिमेन्ट खरिद	25,200
२२१।२०७९।३।२३	संघीय	कार्की आईरन स्टोर (३०१९९००९३)	सिमेन्ट खरिद	38,880
२१७।२०७९।३।२२	संघीय	भगवती खप्लायर्स (६०२५२२१३३)	ड्रम खरिद	20,500
२११।२०७९।३।२१	संघीय	भगवती खप्लायर्स (६०२५२२१३३)	सिमेन्ट रड लगायतका खरिद	202,020
२१०।२०७९।३।२१	संघीय	सिंहदेवी फर्निचर उद्योग (६००१५१८२९)	हवाईटेबोर्ड खरि	36,000

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७९।२०७९।३।१५</td><td>संघीय</td><td>भगवती खप्लायर्स (६०२५२२१३३)</td><td>सिमेन्ट खरिद</td><td>15,750</td></tr>
<tr><td>१६८।२०७९।३।७</td><td>संघीय</td><td>कार्की आइरन स्टोर (३०१९९००९३)</td><td>खानेपानीका सामग्री खरिद</td><td>58,840</td></tr>
<tr><td>१४६।२०७८।२।२४</td><td>संघीय</td><td>भगवती खप्लायर्स (६०२५२२१३३)</td><td>रंगीन जस्तापाता खरिद</td><td>19,687</td></tr>
<tr><td>७३।२०७९।१।३</td><td>संघीय</td><td>कार्की आईरन स्टोर (३०१९९००९३)</td><td>कलर, ईनामेल लगायतको खरिद</td><td>57,945</td></tr>
<tr><td>८४।२०७९।१।१४</td><td>संघीय</td><td>कार्की आईरन स्टोर (३०१९९००९३)</td><td>सिमेन्ट लगायतका खरिद</td><td>60,010</td></tr>
<tr><td></td><td></td><td></td><td>कूल जम्मा</td><td>574,478</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td>233</td><td>२०७९-३-२५</td><td>प्रोभिजनल आइटमको बिलः

यस कार्यालयले किरातेश्वर खोलाखर्क सडकको बोलपत्रको माध्यमबाट हिमालयन शेर्पा कन्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. (६०९८०५८५३) लाई अन्तिम बिलको भुक्तानी रू. १,२०,०००।- दिदा बिल अफ क्वान्टिटिजको आइट नं. २ मा मेटेरियल टेष्ट बापत रू. १०,०००।— भुक्तानी गरिएकोमा उक्त भुक्तानीको बिल बिजक पेश गरेको देखिएन । बिल बेगर भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।</td><td>१२०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८	226	२०७९-३-२५	**फिल्ड लजिस्टिकः** फिल्डमा खटिएको ६ जना प्राविधिक कर्मचारीहरूलाई रेनकोट, राम्रो छाता ब्याग, सेफ्टी सुज बापत रू. १६,४००।— भुक्तानी गरिएको छ । कार्यालयले प्रतिस्पर्धात्मक रूपमा खरिद गरी सामग्री हस्तान्तरण गर्नुपर्नेमा प्राविधिक कर्मचारीले सामग्री आफैले खरिद गरी पेश गरेको भट्टराई फेन्सी कपडा पसल (६१५७०४४५९) का ६ वटा टुक्रे बिल पेश गरी रू. ९७,३००।— सोधभर्ना भुक्तानी गरेको देखिएकाले उक्त कार्य मनासिव देखिएन । प्रतिस्पर्धात्मक रूपमा कार्यालयले खरिद पक्रिया पूरा नगरी सोधभर्ना दिनु नियमित देखिंदैन ।	९७,३००
३९			**अनुदानको अनुगमन** बंगुर प्रबर्द्धन कार्यक्रमको निरन्तरता अन्तरगत ७५ प्रतिशत अनुदानमा कार्यक्रम गर्ने गरी मिति २०७९।०१।०४ गते मेन्छयायेम बंगुर पालक कृषक समितिसँग तीन दिने कार्यक्रमको लागि ५२ जना किसानलाई बंगुर खरिद गरेबापत प्रति बंगुर रू. ७८४५।— को दरले जम्मा रू. ४,०७,९९२।— सँगै वितरण गरिएकोमा सम्बन्धित किसानबाट बंगुर खरिद गरेको भरपाइ मात्र संलग्न राखी भुक्तानी दिएको देखियो । यस प्रकारको नगदै वितरण गर्ने प्रकृतिले बील भरपाई/प्रमाण मात्र राख्ने कृषकहरूको उद्यमशीलताको विकास नगर्ने, आवश्यकताको आधारमा भन्दा पनि पहुँचको आधारमा वितरण हुन सक्ने, किसानले खरिद गरेको भनिएको बील भर्पाइको आधिकारिकता पुष्टि नहुने जस्ता कारणहरूले नगदै अनुदान दिने कार्य प्रभावकारी हुन सक्दैन । अतः पालिकाले बस्तुगत सूचकहरू विकास गरी आवश्यकता र व्यवसायिकताको पहिचान र विकास हुने गरी कार्यविधि निर्माण गरेरमात्र वितरण गर्नुपर्ने देखिन्छ । अनुदान वितरणको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।	४०७,९९२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>

बढी खर्चः
यस वर्ष तपसिलमा उल्लेखित गो.भौ.बाट निम्न फर्मलाई खर्चको बिल भरपाई भन्दा बढी रकम भुक्तानी भएको पाइएको हुँदा असुल गर्नुपर्ने रू. १९३७७

<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं./मिति</th><th>विवरण</th><th>बढी रकम</th></tr>
<tr><td>१</td><td>१४४-०७९।०३।२३</td><td>संघीय हस्तान्तरित चालू श्रीजुङ्ग मावि</td><td>५०९.६</td></tr>
<tr><td>२</td><td>१८५-२०७९।०३।१३</td><td>गा.पा. चालू आधारभूत सिलाई कटाई तालिमका प्रशिक्षक श्री प्रेम दास</td><td>१३५००</td></tr>
<tr><td>३</td><td>२१४-०७९।०३।१३</td><td>गा.पा. चालू गौखुरी दुग्ध सहकारी संस्था</td><td>३५५.४७</td></tr>
<tr><td>४</td><td>२२-२०७९।०३।१३</td><td>कृषि चालू श्री विष्णुप्रसाद पोखरेल बहाल करकट्टी नभएको</td><td>१२८७</td></tr>
<tr><td>५</td><td>१७-०७८।११।३०</td><td>कृषि चालू श्री विष्णुप्रसाद पोखरेल बहाल करकट्टी नभएको</td><td>१८००</td></tr>
<tr><td>६</td><td>९-२०७९।०८।२४</td><td>श्री सिंहदेवि आ.वि. बहाल कट्टा नभएको</td><td>१९२५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१९३७७</td></tr>
</table>

</td><td>१९,३७६.४७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१	247	२०७९-३-२४	शिर्षक फरक पारी खर्च पालिकाले आर्थिक वर्ष २०७८।०७९ को वार्षिक सभाबाट निर्मित सार्वजनिक सम्पति मर्मत सम्भार शिर्षकमा विनियोजन गरिएको रकम रू. १,००,०००।- लाई सम्बन्धित तोकिएको कार्य र लक्ष्य अनुसार खर्च नगरी आर्थिक वर्षको अन्त्यमा अध्यक्षको तोक आदेश अनुसार किरात धर्म उत्थान सांस्कृतिक क्लब उपभोक्ता समितिलाई किरात धर्म संस्कृति सम्बन्धि विभिन्न सामग्री खरिद गर्ने रू.१,००,०००।- भुक्तानी गरेको देखिन्छ । यसरी शिर्षक फरक पारी खर्च भएको अनियमित देखिएको रू.१,००,०००।-	१००,०००
४२			**अण्डामा आत्मनिर्भर कार्यक्रम** **चल्ला वितरणमा साझेदारीः** अण्डामा आत्मनिर्भर कार्यक्रमको लागि चल्ला वितरण कार्यक्रम अन्तरगत गाउँसभाबाट पारित कूल बजेट २००००० भएकोमा ५० प्रतिशत अनुदानमा चल्ला वितरण कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाले मेन्छयायेम कुखुरा पालन कृषक समूहका विभिन्न ८ जना किसानलाई लागत साझेदारी नगराई १०० प्रतिशत अनुदान दिइ सो बापत रू. २,००,०००।- खर्च गरेकाले सम्बन्धित लाभग्राहीबाट असुल गरी पालिकाको आन्तरिक आय खातामा दाखिला गर्नुपर्ने रू. १,००,०००।—	१००,०००

क्र.सं.	लाभग्राहीको नाम	ठेगाना	रकम
1	फणिन्द्रराजखापुङ्ग	मेन्छयायेमगाउँपालिका ५	१२,५००
२	सीताभट्टराई	मेन्छयायेमगाउँपालिका ५	१२,५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>जसबहादुरदमाइ</td><td>मेन्छयायेमगाउँपालिका ६</td><td>१२,५००</td></tr>
<tr><td>४</td><td>ओमनाथ गौतम</td><td>मेन्छयायेमगाउँपालिका ६</td><td>१२,५००</td></tr>
<tr><td>५</td><td>सर्मिलालिम्बू</td><td>मेन्छयायेमगाउँपालिका ६</td><td>१२,५००</td></tr>
<tr><td>६</td><td>कवितमानलिम्बू</td><td>मेन्छयायेमगाउँपालिका १</td><td>१२,५००</td></tr>
<tr><td>७</td><td>दिलप्रसादखापुङ्ग</td><td>मेन्छयायेमगाउँपालिका ६</td><td>१२,५००</td></tr>
<tr><td>८</td><td>संजयलिम्बू</td><td>मेन्छयायेमगाउँपालिका २</td><td>१२,५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,००,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td>28</td><td>२०७८-९-८</td><td>प्रमाण पेश

यस मेन्छयायेम गाउँपालिकाका विभिन्न वडाहरूमा राष्ट्रिय परिचयपत्र दर्ता शिविर सञ्चालन गरे बापत वडा सचिव श्री विष्णुप्रसाद पोखरेलले रू.२,२५,९८५।- भुक्तानी लिएको देखिन्छ । तर सो कार्यक्रम हुन कुन मितिमा कति जना कर्मचारीहरू संलग्न भएर गरिएको थियो । सो कार्यक्रममा कति जना जनसमूदायलाई परिचयपत्र बनाउने कार्य गरिएको थियो कुनै प्रमाण संलग्न नराखी सादा कागजी भरपाई गरी रकम बुझाएको देखिन्छ । त्यसैले खर्च रकम पुष्टि हुने गरी प्रमाण पेश गर्नुपर्ने रू.२,२५,९८५।-</td><td>२२५,९८५</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>अनुगमन, मूल्यांकन र भ्रमण खर्च</td><td></td></tr>
<tr><td>४४.१</td><td>226</td><td>२०७९-३-२५</td><td>फिल्ड भत्ता बापत यस पालिकाका ८ जना प्राविधिक कर्मचारीलाई रू. ३,५७,२५०।— फिल्ड भत्ता भुक्तानी गरिएको छ । ईन्जिनियरलाई रू. ९५०।— सब ईन्जिनियरलाई रू. ७५०।— र असिष्टेस्ट सब ईन्जिनियरलाई रू. ७००।— प्रतिदिन</td><td>३५७,२५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>महिनाको अधिकतम १५ दिनको हिसाबले २०७८ कार्तिक देखि २०७९ आषाद मसान्तसम्म ९ महिनाको लागि उक्त रकम भुक्तानी गरिएको छ । खर्चका साथ पेश भएको हाजिरीमा फिल्ड खटिएको उल्लेख गरेकोमा कुन फिल्डमा कुन समयमा खटिएको भन्ने उल्लेख गरिएको छैन । साथै फिल्डमा खटिएको दिन हाजिर अभिलेखमा फिल्ड जनाएकोमा कुन अधिकारीले फिल्ड खटाएको भन्ने भ्रमण आदेशबाट खुल्दैन । अतः भ्रमण आदेश बेगर फिल्डमा खटिएको विस्तृत विवरण संलग्न नगरी फिल्ड भत्ता भुक्तानी गरेको मनासिव देखिदैन । फिल्ड खटिएको विस्तृत विवरण पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ अनुसार प्रविधि हस्तान्तरणमा सहभागीबाट अनिवार्य रूपमा २० प्रतिशत लागत सहभागीता गराउनुपर्नेमा निम्न कार्यक्रमबाट रू. १,५०,६४०।- प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुने रू. ३०,१३०। सम्बन्धितबाट असुल गरी पालिकाको आय खातामा दाखिला गर्नुपर्ने रू. ३०,१३०।-
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th><th>लागत सहभागीता</th></tr>
<tr><td>१२२-२०७९।०३।२४</td><td>हाते ट्याक्टर मर्मतको पार्टपूर्जाहरू विभिन्न ८ जनालाई वितरण गरेको</td><td>३९९००</td><td>७९८०</td></tr>
<tr><td>१२२-२०७९।०३।२४</td><td>सिचाइ उपकरण वितरण १४ जनालाई</td><td>६३२८०</td><td>१२६५८</td></tr>
<tr><td>१२२-२०७९।०३।२४</td><td>हाते स्प्रे १२ वटा वितरण</td><td>४७४६०</td><td>९४९२</td></tr>
<tr><td></td><td></td><td>१५०६४०</td><td>३०१३०</td></tr>
</table></td><td>३०,१३०</td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>गरिबी निवारणको लागि लघु उद्यम विकास सञ्चालन निर्देशिका २०७७ बमोजिम कार्यालयले सम्भाव्य लघु उद्यमीहरूको समूहलाई उद्यमशिलता विकास सम्बन्धि तालिम ६ दिन र १ दिन लैङ्गिक समानता तथा समावेशीकरण तालिम दिनुपर्ने</td><td>५७३,२००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			व्यवस्था उल्लेख छ । पालिकाले निम्न अनुसारको कार्यक्रम सञ्चालन गरेबापत रू. ५७३२००।— खर्च गरेकोमा व्यहोरा निम्नानुसार रहेको छ । भौ.नं./मिति | विवरण | खर्च ११७ २०७९।०३।२४ | सवारी चालक तालिम ३६ दिने १२ जना | ३,०२,२५० ११८ २०७९।०३।२४ | मोटरबाइक मर्मत तालिम १ महिना १२ जना | २,७०,९५० | जम्मा | ५,७३,२०० उपरोक्त अनुसार उक्त कार्यविधिको दफा नं. २७ मा उल्लेख गरेको ७ दिने उद्यमशिलता तालिम सञ्चालन गरेपछि मात्र यस प्रकारको कार्यक्रम गर्नुपर्नेमा कार्यविधिले तोकेको प्रक्रिया पूरा नगरी कार्यक्रम सञ्चालन गरेको नियम संगत देखिएन रू. ५७३२००।— कार्यविधिको दफा ३(१) बमोजिम तालिम सञ्चालनको उद्यम विकास समितिको कम्तिमा १ जना पदाधिकारी वा सम्बन्धित वडाको जनप्रतिनिधिसँग समन्वय गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार भएको देखिएन । प्रशिक्षार्थीहरूको छनौट सम्बन्धमा सूचना प्रकाशन गरी लक्षित समूहको पहिचान वडा कार्यालयको सिफारिस, सहभागीहरूको छनौट प्रक्रिया जस्ता कार्यहरू नगरेकाले यस सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ । लागत कार्यक्रमको लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्नुपर्नेमा सो गरेको देखिएन । कार्यविधिको दफा ५८ अनुसार पालिकाले उपयुक्त सूचक निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको देखिएन । नियमको पालना नगरी कार्यक्रम संचालन गरेको नियमित देखिदैन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>पेश्की जमानतको म्यादः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (३) बमोजिम पेश्की दिदाँ बैंक जमानत लिनुपर्ने र नियम ११३ (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म पेश्की जमानतको म्याद गुज्रिएर जोखिममा रहेको पेश्की निम्नानुसार रहेको छ । उक्त पेश्कीको म्याद रहेतापनि पेश्की जमानतको म्याद समाप्त भईसकेकोले उक्त रकम जोखिममा रहेको देखिएकाले उक्त पेश्कीको कार्यसम्पन्न गर्नुपर्ने सम्झौताको अवधिसम्म मान्य अवधि रहेको पेश्की जमानत पेश गर्नुपर्दछ ।

<table>
<tr><th>सि. नं.</th><th>योजना</th><th>बैक</th><th>पेश्की जमानतको म्याद</th><th>पेश्की जमानतको हुनुपर्ने म्याद</th><th>बाँकी पेश्की रकम</th></tr>
<tr><td>१</td><td>Menchhayayem Dhaap Park</td><td>NMB Bank</td><td>June 21, 2022</td><td>6 l 13 l 2080(23 Sept. 2023)</td><td>15,90,000</td></tr>
<tr><td>२</td><td>Construction of 15 bed primary Hospital Building</td><td>Agricultural Development bank</td><td>August 17,2022</td><td>4 l 20 l 2080 (5 Aug. 2023)</td><td>60,00,000</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>Total</td><td>75,90,000</td></tr>
</table></td><td>७,५९०,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>बोलपत्र तयारी, मूल्याङ्कन र सम्झौता</td><td></td></tr>
<tr><td>४६.१</td><td></td><td></td><td>पावर हाउस मोराहाङ मंगलबारे सडकः प्रदेश समपूरक अनुदानतर्फ पावर हाउस मोराहाङ मंगलेबारे सडक निर्माणका लागि रू. ६८,७७,५३९।१३ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट बढी कबोल गर्ने हिमालयन शेर्पा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६०९८०५८५३) संग २०७८।९।६ मा रू. ३१,२४,९५०।३५ मा निर्माण सम्झौता गरिएको</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ । सम्झौता बमोजिम रू. ३१,२४,६२५।०० को मूल्याङ्कन भई कार्यालयबाट भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:	
४६.२			लेखापरीक्षणका क्रममा यस योजनास्थलको २०७९।५।२१ मा स्थलगत अवलोकन गर्दा चेनेज ०+००० देखि ३+०६० सम्म विभिन्न स्थानमा ढुंगा सोलिङ्ग गरेको देखिन्छ । नापी किताबमा चेनेज ०+००० देखि ०+६०० सम्म ५१ मिटर स्टोन सोलिङ्ग गरेको नापी गरेकोमा स्थलगत अवलोकनबाट उक्त खण्डमा ४३ मिटर मात्र स्टोन सोलिङ्ग गरेको देखिएकोले निम्नानुसारको कार्यको यथार्थ भौतिक निर्माण नगरी मूल्याङ्कन तथा भूक्तानी गरेको देखिन्छ । भौतिक निर्माण बेगर नापचाँच गर्ने सम्बन्धित प्राविधिक कर्मचारीलाई जवाफदेही बनाई बढी भुक्तानी भएको निम्नानुसारको रु.१६,२७२।०० सम्बन्धित निर्माण व्यावसायीबाट असुल गर्नुपर्ने देखिन्छ ।	१६,२७२

S.N.	Description	Unit	Quantity	Rate	Amount	Total(NRs.)
1	Providing and laying of hand packed stone solling with 150 to 200 mm thick stones and packing with smaller stones on prepared surface as per drawing and technical specification(8x4x.2)	m3	6.40	2000	12800	12800
2	Structure foundation	m3	6.40	250	1600	1600

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>excavation for all types of soil/rock by both manual and mechanical means as per drawing and technical specification, including removal of stumps and other deleterious matter, with all lifts and lead as drawing and instruction of engineer. (8x4x.2)</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Total</td><td>14400</td></tr>
<tr><td>Taxable amount</td><td>14400</td></tr>
<tr><td>Vat 13%</td><td>1872.00</td></tr>
<tr><td>Grand total With VAT</td><td>16272.00</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६.३</td><td></td><td></td><td>सम्झौता आइटम नं. १ मा बिमा बापत रू. ५०,००० भुक्तानी गरेकोमा ईन्सुरेन्सको बिल बिजक पेश भएन । बिल भरपाई बेगर प्राभिजनल आइटमको भुक्तानी दिन नमिल्ने भएकोले बिमाको पोलिसी तथा बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिन्छ ।</td><td>५०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**मेन्छयायेम धाप पार्क निर्माण** यस पालिकाले गाउँपालिकाको वडा नं ३ मा मेन्छयायेम धाप पार्क पार्क निर्माणका लागि रू. ४,५१,८२,०४९.०९ (मू.अ.कर समेत) को लागत अनुमान तयार गरेकोमा बोलपत्रको माध्यमबाट सारभूत रूपमा घटी कबोल गर्ने कुन्सालिङ्ग कन्स्ट्रक्सन प्रा.लि. (३००९५९०५३) सँग रू. २,९२,४६,५०६.३१ मा मिति २०७८।६।१४ मा निर्माण सम्झौता भएको देखियो । यस सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः	
४७.१			सम्झौता बमोजिम पोखरी (Pond) खन्ने कार्य आईटम नं १ मा माटो खन्ने कार्य १४००० घनमिटर रू. ६५ का दरले रू. ९,१०,०००।- र आईटम नं. २ मा Removal of unserviceable soil with disposal up to 1000 meters तर्फ ८४०० घनमिटर माटोको प्रति घनमिटर रू. १०५ ले रू. ८,८२,०००।- कबोल गरेको छ । उक्त मध्ये आइटम नं. २ को माटो डिस्पोजल गर्ने कार्य तर्फ ६००९.३४ घनमिटरको प्रति घनमिटर रू. १०५ ले रू. ६,०९,९८०४३।- (मू.अ.कर बाहेक) भुक्तानी गरेको छ । उक्त पोखरी खन्दा ल्याण्डस्केप सहितको पार्क निर्माण गर्ने भएका कारण उक्त माटो त्यही पार्कमा प्रयोग गर्न सकिने अवस्था समेत रहेको यद्यपि उक्त अवस्था विद्यमान नरहँदा समेत पहाडी भू-भागमा १ कि.मि. टाढा लगेर डिस्पोज गर्ने भनी गरिएको लागत अनुमान र दररेट विश्लेषण यथार्थ देखिदैन । लेखापरीक्षणका क्रममा उक्त माटो करिब २०० मिटर टाढा मात्र डिस्पोज गरिएको कार्यालयबाट जानकारी प्राप्त भएको छ । अतः अवास्तविक लागत अनुमान तयार गरी बढी व्ययभार पारेको उक्त रकम रू. ६,३०,९८०.४३ सम्बन्धमा छानबिन गरी यथार्थ लिड २०० मिटरको प्राविधिक मूल्याङ्कन गरी उक्त रकम मान्य गरी बाँकी रकम असुल गर्नुपर्ने देखिएको रू. ६,३०,९८०।-	६३०,९८०
४७.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्ने सम्झौता बमोजिमको अवधि २०८०।६।१३ मा त्रुटी सच्चाउने अवधिसमेत १३ महिना थप गरी २०८१।७।१३ सम्म	६,३७५,६६७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मान्य अवधि रहेको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेमा एन.एम.बि. बैंक काठमाडौंको रू. ६३,७५,६६७।— को ३।२८।२०२४ (२०८० चैत्र १५) सम्म मात्र मान्य अवधि भएको जमानत पेश गरेकोले जमानतको म्याद ७ महिना घटी देखिएको छ । तोकिएको मान्य अवधि भएको जमानत पेश गर्नुपर्दछ ।	
४७.३			बीमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन वा हानी नोक्सानी भए बापत हुने खर्च वा सो सम्बन्धि आनुषाङ्गिक खर्च समेटनका लागि प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम वा अतिरिक्त रकम, निर्माणस्थलमा ल्याएको उपकरण र अन्य वस्तुको प्रतिस्थापन खर्च, निर्माण व्यावसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको नियम ११२(२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र निर्माण व्यावसायीको दायित्वहरूको बीमा गराउनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् । निर्माण सम्झौताको आईटम नं ३, ४ र ५ मा निर्माण कार्य, प्लान्ट, कम्पनीको संचालक तथा कर्मचारी निर्माण उपकरणको गरी रू. ७,१०,९०७.०७।- को बिमा गर्नुपर्ने व्यवस्था गरेकोमा निर्माण व्यवसायीले बिमा गरी कागजात पेश गरेको देखिएन । निर्माण व्यवसायीले निर्माण कार्य शुरू गरी पहिलो रनिङ बिलबाट मू.अ.कर समेत रू. २८,०४,४७८।- भुक्तानी भईसकेको अवस्थामा समेत बिमा नगरेकोले नियमको पालना भएको देखिएन । यसबाट भविष्यमा हुने जोखिम बहन हुन नसक्ने देखिएकोले तोकिए बमोजिम बिमा गर्नुपर्ने देखिन्छ ।	
४७.४	229	२०७९-३-२५	कार्यालयले गौ.भौ.नं २२९ मिति २०७९।३।२५ बाट रू. २८,०४,४७८.०६।— भुक्तानी गरेको देखियो । यसबाट योजनाको वित्तीय प्रगति ९.५९ प्रतिशत मात्र देखिन्छ । योजनाको सम्झौता भएको अवधि २०७८।६।१४ देखि २०८०।६।१३ मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७९।५।२२ सम्म करिब ११ महिना भन्दा बढी अवधि (४५.८३ प्रतिशत) व्यतीत भईसकेको अवस्थामा समेत ९.५९ प्रतिशत मात्र वित्तीय प्रगति हुनुले समयमै निर्माण कार्य सम्पन्न हुनेमा विश्वस्त हुन सकिदैन । अतः यस सम्बन्धमा पालिकाले आवश्यक अनुगमन गरी निर्माण कार्य समय भित्रै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>आइटम</th><th>सम्झौता रकम</th><th>प्राविधिक मूल्याङ्कन तथा भुक्तानी</th><th>प्रगति</th></tr>
<tr><td>१</td><td>Provisional Sum</td><td>744935.90</td><td>0</td><td>0</td></tr>
<tr><td>२</td><td>Picnic shed</td><td>1703690.94</td><td>0</td><td>0</td></tr>
<tr><td>३</td><td>Atithi sadan</td><td>8932453.97</td><td>0</td><td>0</td></tr>
<tr><td>४</td><td>Home stay</td><td>2935178.84</td><td>0</td><td>0</td></tr>
<tr><td>५</td><td>Toilet</td><td>668585.66</td><td>0</td><td>0</td></tr>
<tr><td>६</td><td>Pond</td><td>8096810.50</td><td>2481838.987</td><td>30.65%</td></tr>
<tr><td>७</td><td>Construction work</td><td>1123373.00</td><td>0</td><td>0</td></tr>
<tr><td>८</td><td>Fencing gate footstep chautara</td><td>1617663.09</td><td>0</td><td>0</td></tr>
<tr><td>९</td><td>Intake</td><td>144872.68</td><td>0</td><td>0</td></tr>
<tr><td colspan="2">Total (Without at)</td><td>25222628.68</td><td>2481838.987</td><td></td></tr>
<tr><td colspan="2">13% VAT</td><td>3278941.73</td><td>32269.07</td><td></td></tr>
<tr><td colspan="2">Total with VAT</td><td>29246506.31</td><td>2804478.06</td><td>9.59</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>अस्पताल भवन निर्माण -</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			यस पालिकाले १५ शैया अस्पताल भवन निर्माणका लागि जम्मा रू. १८,२३,१६,७०२।४५ (मू.अ.कर समेत) को लागत अनुमान तयार गरेकोमा बोलपत्रको माध्यमबाट सारभुत रूपमा घटी कबोल गर्ने स्काई सगरमाथा जे.भी. सँग रू. १२,६२,७०,१७५.१६।- मा २०७८।४।२१ मा निर्माण सम्झौता गरेको देखियो । यस सम्बन्धमा देखिएका ब्यहोराहरू निम्नानुसार छन्ः	
४८.१			निर्माण व्यवसायीले निर्माण कार्य थालनी नै नगरेकाले यसबाट योजनाको वित्तीय तथा भौतिक प्रगति शून्य देखिन्छ । योजनाको सम्झौता भएको अवधि २०७८।४।२१ देखि २०८०।४।२० मा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७९।५।२२ सम्म करिब १३ महिना भन्दा बढी (५४.१७ प्रतिशत) अवधि व्यतीत भईसकेको अवस्थामा समेत वित्तीय तथा भौतिक प्रगति शून्य हुनुले समयमै निर्माण कार्य सम्पन्न हुनेमा विश्वस्त हुन सकिदैन । निर्माण स्थल विद्युत प्रशारणको हाईटेन्सनलाईनको मुनीपट्टि खरिद गरिएको कारण उक्त हाईटेन्सन लाईन हटाउने प्रक्रियामा ढिलाई भएको कारण निर्माण सम्झौता भएको १३ महिनासम्म पनि निर्माण कार्य शुरू हुन सकेको देखिएन । उक्त जग्गा खरिद गर्दा समेत सो विषयलाई ध्यान दिनुपर्नेमा सो नगरेको र निर्माणस्थलको टुंगो नलगाई ठेक्कापट्टा गर्दा आगामी बर्षमा मूल्य समायोजन समेत भुक्तानी गर्नुपर्ने अवस्था आउने देखिन्छ । जसबाट कार्यालयलाई बढी व्ययभार पर्ने देखिन्छ । अतः यस सम्बन्धमा पालिकाले आवश्यक अनुगमन गरी निर्माण स्थलको विवाद टुङ्गयाइ निर्माण कार्य समय भित्रै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			 सम्झौता भएको १३ महिनासम्म विद्युतको हाइटेन्सन लाइन नहटाएका कारण निर्माण शुरू नगरिएको १५ शैया अस्पताल	
४८.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रूपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च, निर्माण कार्यको कुनै भाग भत्काउन, हटाउन वा हानी नोक्सानी भए बापत हुने खर्च वा सो सम्बन्धि आनुषाङ्गिक खर्च समेटनका लागि प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम वा अतिरिक्त रकम, निर्माणस्थलमा ल्याएको उपकरण र अन्य वस्तुको प्रतिस्थापन खर्च, निर्माण व्यावसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको नियम ११२(२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र निर्माण व्यावसायीको दायित्वहरूको बीमा गराउनुपर्ने उल्लेख छ। यस सम्बन्धमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			देखिएका व्यहोराहरू निम्नानुसार छन् । निर्माण सम्झौताको आईटम नं १ मा निर्माण कार्य, प्लान्ट निर्माण उपकरणको गरी रू. १५,००,०००।- को बिमा गर्नुपर्ने व्यवस्था गरेकोमा निर्माण व्यवसायीले बिमा गरी कागजात पेश गरेको देखिएन । बिमा नगरेकोले नियमको पालना भएको देखिएन । यसबाट भविष्यमा हुने जोखिम बहन हुन नसक्ने देखिएकोले तोकिए बमोजिम बिमा गर्नुपर्ने देखिन्छ ।	
४९			**शिक्षा तर्फ (स्थानीय तह)** शिक्षक तथा विद्यार्थी अनुपात पालिका अन्तरगत रहेका २५ वटा विद्यालयमा ८७ शिक्षक दरबन्दी स्वीकृत भएकोमा २४ जना राहत दरबन्दीमा, १८ जना स्थायी र ४१ जना करार गरी जम्मा ८३ जनाको पदपूर्ति भएको देखिन्छ । पालिकामा शिक्षक विद्यार्थी निम्नानुसार रहेको छ । रिक्त रहेको पदमा यथासिघ्र पदपुर्ती गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।	

क्र. स.	विद्यालयको नाम	शिक्षक दरवन्दी	राहत दरवन्दी	पद पूर्ति	पदपूर्तिमध्ये करार	विद्यार्थी संख्या
१	जनकल्याण आधारभूत विद्यालय मेन्छयायेम१,तेह्रथुम		१			१९
२	सिंहदेवी आधारभूत विद्यालय मेन्छयायेम१,तेह्रथुम	४			१	६१
३	शारदा आधारभूत विद्यालय मेन्छयायेम१,तेह्रथुम	३			१	६२
४	सरस्वती आधारभूत विद्यालय मेन्छयायेम२,तेह्रथुम	१	१	१	१	१९
५	जनप्रिय मा.वि. पौठाक मेन्छयायेम २,तेह्रथुम	११	४	२	६	२२९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>जलकन्या आधारभूत विद्यालय मेन्छयायेम२,तेह्रथुम</td><td>३</td><td></td><td>१</td><td>२</td><td>३९</td></tr>
<tr><td>७</td><td>सदुवा आधारभूत विद्यालय मेन्छयायेम२,तेह्रथुम</td><td>१</td><td>१</td><td></td><td></td><td>२१</td></tr>
<tr><td>८</td><td>कालिका आधारभूत विद्यालय मेन्छयायेम ३,तेह्रथुम</td><td>३</td><td>१</td><td>१</td><td>३</td><td>१०३</td></tr>
